का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ५०
- १० चैत्र २०७६, सोमबार
- 23 March 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# अफवाह फैलाए कैद

**नेपाल प्रहरीको साइबर ब्युरोले कोरोनाबारे 'गलत हल्ला' फैलाउनेलाई खोज्न र कारबाही गर्न टोली गठन गरेको छ । विद्युतीय कारोबार ऐन (२०६३) को दफा ४७ अनुसार, गलत हल्ला चलाउनेलाई एक लाख रूपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ चैत्र






कोरोना भाइरस (कोभिड-१९) बारेमा गलत हल्ला फैलाउनेलाई पक्राउ गर्न प्रहरीले छुट्टै टोली गठन गरेको छ । नेपाल प्रहरीको साइबर ब्युरोले कोरोना बारे 'गलत हल्ला' फैलाउनेलाई खोज्न र कारवाही गर्न टोली गठन गरेको हो । साइबर ब्युरोका निमित्त प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) नविन्द अर्यालका अनुसार टोलीलाई सामाजिक सञ्जालमा आएका सही र गलत कुराको अध्ययन गर्न जिम्मा दिइएको छ । उनका अनुसार सामाजिक सञ्जालहरुमा गलत हल्ला फैलाउनेहरुको पहिचान गरी विशेष अनुसन्धान गर्ने जिम्मा टोलीलाई दिइएको हो ।

प्रकोपका समयमा फैलाइने गलत हल्लाले सर्वसाधारणलाई थप आतंकित बनाउने हुँदा यस्ता हल्ला नआउन र हल्ला गर्नेहरुलाई पहिचान गरी कारबाहीको दायरामा ल्याउन टोलीलाई जिम्मेवारी दिइएको उनले बताए । जुनसुकै माध्यमबाट पनि गलत हल्ला गर्नेहरुलाई कारबाहीको दायरामा ल्याएरै छाड्ने अर्यालले दाबी गरे । उनका अनुसार 'सचेत नागरिकले सामाजिक दायित्व नबिर्सौं' भन्ने अभियान नै प्रहरीले चलाएको छ । फेक आइडी बनाएर र विदेशबाट यस्तो हल्ला गर्‍यो भने पनि प्रहरीले पक्राउ गर्ने उनले जनाए । अर्यालका अनुसार विदेशमा बसेर अपराध गर्नेलाई इन्टरपोलमार्फत पक्राउ गर्न सकिनेछ । अमेरिकामा बसेर नेपालमा कोरोनाबारे भ्रम फैल्याउने एक जनालाई प्रहरीले इन्टरपोलमार्फत कारबाही गर्न पत्र पठाएको उनले जनाए । केही दिन पहिले टेकु अस्पतालमा कोरोनाका कारण बिरामीको मृत्यु भएको र त्यसलाई लुकाउन खोजिएको भन्दै टिकटकमा गलत हल्ला गर्नेलाई पनि पक्राउ गर्ने प्रक्रिया अगाडि बढाइएको अर्यालले बताए ।

मुलुकी अपराध संहिता (२०७४) अनुसार गलत हल्ला फैलाउनेलाई एक वर्ष कैद वा १० हजार रुपैयाँ जरिवाना वा दुवै हुनसक्ने व्यवस्था गरिएको छ । यस्तै विद्युतीय माध्यमको प्रयोग गरेर हुने अपराधमा थप सजाय समेत हुन सक्छ । विद्युतीय कारोबार ऐन (२०६३) को दफा ४७ अनुसार यस्ता अपराधमा संलग्नलाई एक लाख रुपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने उनले जनाए । २०७६ वैशाख १९ गते साइबर ब्युरो स्थापना भएपछि एक हजार ९६ वटा मुद्दा दर्ता भएका छन् । यीमध्ये ४० जनालाई पक्राउपछि ब्युरोले मुद्दा चलाएको थियो । मुद्दा चलाएका मध्ये २ जना पुर्पक्षका लागि कारागार चलान भएका छन् । २१ जनालाई अदालतले धरौटीमा छाडेको छ भने ३ जना साधारण तारेखमा छुटेका छन् ।

यसैबीच, ब्युरोले यसअघि शनिबार गलत अफवाह फैलाउने रामेछापको खाँडादेवी गाउँपालिकाका २० वर्षीय विवेक थापा मगरलाई पक्राउ गरी अनुसन्धान गरिरहेको अर्यालले बताए । थापाले नर्भिक इन्टरनेसनल अस्पतालमा कोराना भाइरसका बिरामी भएको र अस्पतालले सो कुरा बाहिर नलयाएको भन्दै गलत समाचार प्रकाशन गरेको थियो । अस्पतालले त्यो समाचार गलत भएको भन्दै खण्डन गर्नुका साथै अस्पतालमा हालसम्म कोरोनाका बिरामी नभेटिएको जनाएको छ ।

# बढ्दै नेपालीको खुशी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ चैत्र



पछिल्लो केही वर्षमा नेपालीहरुको खुशी बढ्दै गएको छ । खुशी इन्डेक्समा नेपाल गत वर्षको तुलनामा यस वर्ष आठ स्थानमाथि उक्लिएको हो । विश्वका खुसी हुने मुलुकको सूचीमा नेपाल ९२ औं स्थानमा उक्लिएको खुशी इनडेक्सले देखाएको छ । सन् २०१८ मा नेपाल १०० औं स्थानमा थियो भने सन् २०१७ मा १०१औं स्थानमा थियो । खुसी हुने मुलुकको सूचीको पहिलो नम्बरमा विगत तीन वर्षदेखि फिनल्यान्ड रहँदै आएको छ । संयुक्त राष्ट्रसंघले विभिन्न ६ आधारमा प्रत्येक वर्ष विश्वका मुलुकको खुसी मापन गर्दै आएको छ । प्रतिव्यक्ति आय, स्वस्थ जीवन, सामाजिक सहयोग, स्वतन्त्रता, विश्वास र उदारता तथा भ्रष्टाचारबारे आममानिसको सोचाइ खुसी मापनका आधार रहेको राष्ट्रसंघले जनाएको छ । यसपल्ट भने वातावरण, सामाजिक, सहरी र प्राकृतिक सम्पदाका विषयमा आधारित रहेर प्रतिवेदन तयार पारिएको जनाइएको हो ।

इन्डेक्स अनुसार दक्षिण एसियामा खुसी हुने मुलुकको सूचीमा पाकिस्तान ६६औं स्थानमा र माल्दिभ्स ८७औं स्थानमा, बांग्लादेश १०७औं, श्रीलंका १३०औं, भारत १४४औं र अफगानिस्तान १५३औं स्थानमा रहेका छन् । सबैभन्दा बढी खुसी हुने संसारका १० मुलुकमा क्रमशः फिनल्यान्ड, डेनमार्क, स्विट्जरल्यान्ड, आइसल्यान्ड, नर्वे, निदरल्यान्ड्स, स्विडेन, न्युजिल्यान्ड, अस्ट्रिया र क्यानडा छन् । सूचीमा अमेरिका १८औं नम्बरमा छ भने बेलायत १३औं, जापान ६२ औं र रुस ७३औं स्थानमा छन् । उत्तरी छिमेकी मुलुक चीन नेपालभन्दा दुई स्थान तल ९४औं स्थानमा छ ।

संयुक्त राष्ट्र संघले गरेको मापनमा १५३ मुलुक मध्ये दक्षिण एसियाली मुलुक बाँकी पृष्ठ २ मा

# नेपाली चिकित्सकलाई चिनियाँ प्रशिक्षण

**पंकज धामी/मध्यान्ह**
काठमाडौं, ९ चैत

नेपाली चिकित्सकहरुलाई चिनियाँ विशेष टोलीले प्रशिक्षण दिने भएको छ । कोरोना भाइरस (कोभिड–१९) संक्रमणको जोखिम बढ्दै गएका बेला नेपाली चिकित्सकहरुलाई प्रशिक्षण दिन सरकारले चीनलाई आग्रह गरेको हो । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले नेपालले चीनसँग विशेष तयारीका लागि प्रशिक्षण दिने टिम माग गरिएको बताए ।

उनले भने, 'हिजो भन्दा फरक तयारीमा जाने तयारी हामीले गरेका छौं । चिनियाँहरुको सुझाव र सल्लाह लिएर उनीहरुकै मोडलमा पूर्व तयारीको रणनीति सरकारले बनाउँदैछ । चीनबाट विशेष प्रशिक्षण दिने टोली माग गरिएको छ', उनले भने ।

चिनियाँ टोलीले भिडियो कन्फ्रेन्स मार्फत नेपाली स्वास्थ्यकर्मी र चिकित्सकहरुलाई प्रशिक्षण दिनेछ । डेडिकेटेड अस्पतालका चिकित्सकलाई चिनियाँ विशेष टोलीले प्रशिक्षण दिने उनले बताए ।

सशस्त्र प्रहरीको अस्पतालाई डेडिकेटेड अस्पतालका रुपमा अगाडी बढाउने निर्णय गरिसकेको उल्लेख गर्दै उनले प्रत्येक प्रदेशहरुमा पनि त्यही प्रकारको अस्पताल चयन गरिने बताए ।

संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको बैठकमा मन्त्री भट्टले २ हप्ताभित्र पूर्व तयारीका काम सक्ने गरी सरकारले काम गरिरहेको बताए । नेपाली सेनाले आफ्नो तर्फबाट बाँकी पृष्ठ २ मा

# नेताहरू 'सेल्फ क्वारेनटाइन'मा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ चैत्र

कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि विभिन्न पार्टीका नेताहरु 'सेल्फ क्वारेनटाइन'मा बसेका छन् । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सेल्फ क्वारेनटाइनमा बसेको घोषणा गरेका थिए । उनी अहिले सेल्फ क्वारेनटाइनमा बसी रोगसँग लड्ने क्षमता बढाउन साइकलिङ गर्दैछन् । नेकपाका अन्य नेताहरु पनि सेल्फ क्वारेनटाइनमा बस्ने भन्दै भेटघाट बन्द गरेका छन् ।

यसैगरी, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका शीर्ष नेताहरुले छलफल र भेटघाट बन्द गरेर सेल्फ क्वारेन्टाइनमा बसेका छन् । उनीहरुले औपचारिक भेटघाट, सभा, सम्मेलनमा जाँदा कोरोना भाइरसको संक्रमण फैलिन सक्ने भन्दै कार्यक्रमहरु स्थगित गरेका छन् । कांग्रेसका सभापति शेरबहादुर देउवाले भेटघाट बन्द गरी घरमा बसेको तीन दिन भएको छ । सभापति देउवा अझै केही दिन कोहीसँग भेटघाट नगर्ने स्वकीय सचिव भानु देउवाले जानकारी दिए । उपसभापति विमलेन्द्र निधिले पनि नेता कार्यकर्तासँग भेटघाट बन्द गरेर होम क्वारेन्टाइनमा बस्न थालेको दुई दिन भएको छ । निधिका स्वकीय सचिव विश्वास विक्रमले कोरोनाले जोखिम निम्त्याउने निधिले दुई दिनदेखि भेटघाट बन्द गरेको जनाए । कांग्रेस महामन्त्री शशांक कोइरालाले भने विहान बेलुका समय मिलाएर नेता कार्यकर्ता भेटघाट गरिरहेका छन् । उनी भेटघाट गरेपनि सावधानी अपनाएका छन् ।











वरिष्ठ नेता रामचन्द्र पौडेलले विज्ञप्ति नै निकालेर कोरोना भाइरसको संक्रमणबाट जोगिन सामाजिक दूरी कायम गर्न र अत्यावश्यक काम तथा कुराकानी टेलिफोनबाटै गर्न आग्रह गरेका छन् । पौडेलका स्वकीय सचिव चिरञ्जीवी अधिकारीका अनुसार पौडेलले भेटघाटलाई पूर्ण रुपमा बन्द गरेका छन् । संक्रमणको जोखिम कम भएपछि नियमित भेटघाट जारी राख्ने नेता कार्यकर्तालाई भनिएको उनले जनाए । यसैगरी, नेता कृष्णप्रसाद सिटौलाले भेटघाट बन्द गरेका छैनन् । सिटौलाले नेता कार्यकर्तासँग भेटघाट गर्दा केही दुरी कायम गरेर, बाँकी पृष्ठ २ मा

# कस्तो छ नेपाली श्रमरत प्रवासको अवस्था ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ चैत

कोभिड (१९ (कोरोना भाइरस) संक्रमणलाई फैलिन नदिन नेपाली कामदार रहेका विभिन्न मुलुकमा आवागमन तथा जमघटलाई थप कडा पारिएको छ । ठूलो संख्यामा नेपाली कामदार रहेका साउदी अरब, कतार, यूएई, कुवेत, ओमान, जोर्डनलगायतले आवागमनमा कडाइ गरेका छन् भने मलेसियाले चेकजाँचका लागि सडकमा सेना परिचालन गरेको छ ।

मलेसिया सरकारले आवतजावतमा कडाइ गरेपछि रोजगारीमा गएका नेपालीसहित कामदारलाई होस्टलमा सीमित गरेको छ । आवागमनलाई नियन्त्रण गरेर स्थानीय र आप्रवासी कामदारहरूलाई यथास्थानमै राख्ने प्रयास गरिएको मलेसियाले जनाएको छ ।

करिब ५ लाख बढी नेपाली कामदार रहेको मलेसियाको सबैजसो भागमा संक्रमित भेटिएका छन् । त्यहाँ आइतबार साँझसम्म १० जनाको मृत्यु भइसकेको छ भने १३ सय ६ जनामा यसको लक्षण फेला परेको छ । त्यहाँ रहेका नेपाली कामदार भने अहिलेसम्म कोरोना संक्रमित छैनन् । मुखमा लगाउने मास्कको अभाव भएपछि मलेसियाले १० करोड मास्क चीनबाट ल्याउने निर्णय गरेको छ ।

नेपाली कामदारको अर्को प्रमुख श्रम गन्तव्य मुलुक कतारले पनि सतर्कताका उपायहरू बढाउँदै लगेको छ । गाडीमा बढीमा दुईजना मात्र यात्रा गर्नुपर्ने नियमलाई उसले कडाइका साथ लागू गरेको छ । आप्रवासी कामदारले विश्राम गर्ने सार्वजनिक पार्कहरू, समुद्रीतटलगायतका स्थानमा पनि भेला हुन प्रतिबन्ध लगाइएको छ ।

कतारमा नेपालीलगायतका विदेशी कामदारमाथि कडा निगरानी रहेको बताइएको छ । केहीदिन अघि भीडभाड नगर्न दिइएको निर्देशन उल्लंघन गरेको भन्दै कतारले केही नेपाली कामदारलाई पक्राउ गरी नेपाल पठाएको थियो । कतारमा ४ सय २१ संक्रमित देखिएका छन् । कतारले आप्रवासी कामदार रहेका क्याम्पदेखि सडकको सफाइको कामलाई तीव्रता दिएको छ ।

कुवेतले आइतबारदेखि लागू हुनेगरी आंशिक कफ्र्यू लगाएको छ । कफ्र्यू उल्लंघन गर्नेलाई ३ वर्ष जेल र १० हजार कुवेती दिनार जरिवाना हुने चेतावनी स्थानीय प्रशासनले दिएको छ । कुवेतमा १ सय ७६ जना संक्रमित भेटिएका छन् ।

**वैदेशिक रोजगार विशेष**

## बहराइनमा कार्यरत ३ नेपालीमा कोरोना संक्रमण

**काठमाडौं/मस–** बहराइनमा कार्यरत ३ नेपालीमा कोरोनाको संक्रमण भेटिएको छ ।

त्यहाँस्थित अलगअलग कम्पनीमा कार्यरत ३ नेपालीलाई कोरोनाको संक्रमण भएको बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले जानकारी दिएका छन् ।

संक्रमित एक महिलासहित ३ नेपालीको अहिले त्यहाँस्थित अस्पतालमा उपचार भइरहेको उनले बताएका छन् ।

प्रवासमा रहेका नेपाली एकपछि अर्को कोरोनाबाट संक्रमित हुँदै गएका छन् । यसअघि अस्ट्रेलिया र यूएईमा रहेका नेपालीमा पनि कोरोनाको संक्रमण भेटिएको थियो । यसपछि नेपालीको श्रम गन्तव्य बहराइनमा रहेका नेपाली पनि संक्रमित भएका हुन् ।

बहराइनमा आइतबारसम्म ३०५ जनामा कोरोनाको संक्रमण देखिएको छ । अमेरिका समर्थक बहराइनले इरानमाथि बाँकी पृष्ठ २ मा

## बोर्डले बन्द गर्‍यो शव पुर्‍याउनेबाहेकका सेवा

**काठमाडौं/मस–** वैदेशिक रोजगार बोर्डले मृतकको शव घरसम्म पुर्‍याउनेबाहेक सबै प्रशासनि कार्य स्थगन गरेको छ ।

बोर्डले आइतबार एक सूचना जारी गर्दै शव पुर्‍याउनेबाहेकका सबै प्रशासनिक कार्य बन्द गरिएको जनाएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको देशवासीका नाममा गरेको सम्बोधन र त्यसपछि नेपाल सरकारको अत्यावश्यक सेवा प्रदान गर्ने सरकारी कार्यालयवाहेकका कार्यालय बन्द गर्ने निर्णय अनुसार कार्यालय बन्द गरिएको बोर्डले जनाएको छ ।

बोर्डले मृतकका परिवारलाई आर्थिक सहायता, बिरामी एंव अंगभंग भएकालाई उपचार खर्च, विदेशमा अलपत्र परेका शव ल्याउन सहयोग गर्दै आएको छ । त्यस्तै, बाँकी पृष्ठ २ मा

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु

ज्वरो
(१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रूघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# जनता कफर्‍्यूले काँकडभिट्टा नाका ठप्प

झापा/मस- भारतले 'जनता कर्फ्यु' लगाएका कारण पूर्वको प्रमुख नाका काँकडभिट्टा ठप्प भएको छ । सीमा पूरै सुनसान बनेको छ भने यात्रु नभएर छोटो दूरीका यातायातसमेत ठप्प भएका छन् । आइतबार बिहानदेखि भारत सरकारले आफ्नो देशमा जनता कर्फ्यु लगाउँदा हवाई, रेल तथा स्थल यातायात बन्द भएको कारण सीमामा आवतजावत ठप्प बनेको ट्राभल्स सङ्घ झापाका अध्यक्ष नेत्र कार्की बताउँछन् ।




कोरोना भाइरस फैलिने सन्त्रास बढेको बेला भारतको कर्फ्युले नाका ठप्प हुँदा नेपाललाई फाइदा नै पुगेको उनको धारणा छ । उनका अनुसार भारतबाट यात्रु आउने क्रम रोकिएको छ । काँकडभिट्टा नाकामा नेपाली सुरक्षाकर्मीले पनि कडाइ गरेको पाइएको उनले बताए । नेपाली सुरक्षाकर्मीले भारततिर अनावश्यकरुपमा जाने र नाकामा रमिता हेर्न आउनेलाई फर्काएर राम्रो गरेको उनको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले नाकामा नेपालले बन्द नगरेको तर भारतमा लगाइएको 'जनता कर्फ्यु'ले ओहोरदोहोर ठप्प बनेको जानकारी आएको बताए । नाका बन्द गर्ने विषय संघीय सरकारको क्षेत्राधिकारभित्र भएको जनाउँदै हालसम्म केन्द्रबाट त्यस्तो बन्दको निर्देशन नआएको उनको भनाइ छ ।

नागरिक यातायात प्रालिका सञ्चालक राम थापाले यात्रु घटेकाले बस सेवा कटौती गरिएको जनाउँदै १५ वटामध्ये आज पाँच वटा मात्र छोटो दूरीमा चलाइएको उनले जानकारी दिए । चलाइएका बसमा समेत यात्रु नभएर खाली कुदाउनु पर्दा ठूलो घाटा व्यहोर्नु परिरहेको उनी बताउँछन् ।

काँकडभिट्टासँग सीमा जोडिएको भारतको पानीटङ्की नाकाका खटिएका पश्चिम बङ्गाल प्रहरीका सहायक निरीक्षक किशोर क्षेत्रीले सीमावर्ती बजार र गाउँ 'जनता कर्फ्यु'का कारण पूरै बन्द भएको बताए । बजार, यातायातलगायत सबै बन्द रहेको र सर्वसाधारण घरभित्रै बसेको हुँदा नाकामा ओहोरदोहोर ठप्प भएको उनको भनाइ छ ।

छिमेकी मुलुक भारतमा कोरोना भाइरसको सङ्क्रमण फैलिएका कारण सीमानाका नेपाल सरकारले अविलम्ब बन्द गरे सङ्क्रमण भित्रिने जोखिम कम हुने भन्दै सीमा क्षेत्रका बासिन्दाले माग गर्दै आएका छन् । मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले समेत नाकालाई सरकारले बन्द गर्नुपर्ने अवस्था भइसकेको बताउँछन् । उनले प्रदेश नं १ सरकारलाई मेचीनगर नगरपालिकाका तर्फबाट काँकडभिट्टा नाका बन्द गराइदिन ध्यानाकर्षण गराइसकेको बताए ।

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आइसोलेसन वार्ड

सुर्खेत/रासस- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाले नोवेल कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणका लागि १५ शैययाको आइसोलेन वार्ड छुट्याएको छ । कोरोनाका शङ्कास्पद बिरामी राख्न प्रतिष्ठानले १०० क्वारेन्टाइनको व्यवस्था गर्ने तयारी गरेको हो । प्रतिष्ठानका अस्पताल निर्देशक डा मङ्गल रावलले १५ शै्ययाको आइसोलेसनसँगै अस्पतालमा छुट्टै फिभर क्लिनिक सञ्चालन गरिएको जानकारी दिए । निर्देशक डा रावलले भने, 'हामीले डा. धिरज गुरुङको नेतृत्वमा 'र्‍यापिड रेस्पोन्स' टोली निर्माण गरेका छौं, यसले कोरोनाका सम्बन्धमा आउने समस्याको शीघ्र समाधानमा ध्यान पुर्‍याउने छ ।'




कोरोनाको रोकथामका लागि जुम्लाका पाँच नाकाको आवागमनमा कडाई गर्ने हेतुले जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य, रेडक्रस, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीसँग आवश्यक समन्वय भइरहेको उनले बताए । कालीकोटको नाग्म, मुगु आउनेजाने बुडु र भूलभुले, डोल्पा र जाजरकोट जोड्ने मणिसाँघु, जुम्ला विमानस्थलको आवागमनमा कडाँ जाँच गर्ने र त्यसका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने तयारी भइरहेको निर्देशक डा. रावलले बताए ।

अस्पतालको बहिरङ्ग कक्षमा भीडभाड हुन नदिइएको बताउँदै उनले पाँच नाकामा बस्ने जनशक्तिलाई तालिम दिने, व्यवस्थापन गर्ने अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाइएको जनाए । उनका अनुसार प्रतिष्ठानले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको समन्वयमा हुम्लाको हिल्सा नाकामा हेल्थ डेस्क स्थापनागरी कोरोना जाँच कार्यलाई प्रभावकारी बनाउन डा. अशोक गौतम नेतृत्वको तीन सदस्यीय टोली एक महीनाका लागि पठाएको छ ।

जिल्लास्तरीय कार्यान्वयन तथा अनुगमन समिति एवम् जिल्ला प्रशासन कार्यालय जुम्लाका प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले जिल्ला विपद् व्यवस्थापन समितिको आइतबारको बैठकमा सरोकारवाला सबैसँग छलफलगरी जुम्लाका प्रमुख नाकाबाट आवश्यक वस्तु भित्र्याएर लक डाउन गर्ने निर्णय भएको बताए । 'हामीले यो प्रकोपसँग जुध्न उच्च तयारी गरेका छौं,' प्रजिअ बञ्जाडेले भने, 'स्थानीय तहका प्रमुख एवम् वडाध्यक्षको समन्वयमा नेपाल खाद्य संस्थान, साल्ट ट्रेडिङलगायतले आवश्यक वस्तु उपलब्ध गर्ने निर्णय भएको छ ।'

उनले क्वारेन्टाइनका लागि थप समस्या सम्बोधन गर्न जिल्लाको कुनै विद्यालय छनोट गर्ने तयारी भइरहेको बताए । उनका अनुसार खानेपानी, स्वास्थ्यसहितका आवश्यकता आपूर्तिका लागि सरोकारवाला सबै रहनेगरी उपसमिति गठन गरिएको छ । कोरोनाको रोकथामका लागि जिल्लाका राजनैतिक दल, नागरिक समाज, पत्रकार, अधिकारवादीलाई एकजुट भएर लाग्न आग्रह गरेको जनाइएको छ ।

# जोखिम न्युनीकरणका लागि गड्डाचौकीमा सेना सक्रिय

कञ्चनपुर/रासस- तीन दिनयता कञ्चनपुरको भीमदत्तनगरस्थित नेपाली सेनाको २५ बाहिनीले तीन दिनदेखि निरन्तर पश्चिम नाका गड्डाचौकीमा कोराना भाइरस संक्रमणको जोखिम न्युनीकरणमा सक्रिय भूमिका निर्वाह गरिरहेको छ ।



बाहिनीपति सहायकरथी शङ्करबहादुर पण्डितका अनुसार गड्डाचौकी नाकामा सेनाले भारतका विभिन्न स्थानबाट मजदुरी गरेर स्वदेश फर्किने नेपाली नागरिकको स्वास्थ्य परीक्षण प्रभावकारीरुपमा गरिरहेको छ । सीमा नाकामा शुक्रबारयता हालसम्म करिब २० हजार नागरिकको स्वास्थ्य परीक्षण गरिएका छ ।

'शुक्रबारदेखि नै हामीले टेन्टको अस्थायी क्याम्प र आवश्यक घेरबार बनाएर स्वास्थ्य परीक्षणलाई व्यवस्थित बनायौं,' उनले भने, 'स्वास्थ्य परीक्षणमा अन्य निकायबाट खटिएका स्वास्थ्यकर्मीको पनि ठूलो भूमिका छ ।'

उनले ज्वरो बढी देखिएकालाई सैनिक चिकित्सकको निगरानीमा गड्डाचौकीमै पुनःस्वास्थ्य परीक्षण गर्ने गरिएको बताउँदै थप आशंका देखिए महाकाली अस्पताल पठाउने प्रबन्ध मिलाइएको बताए । 'अहिलेसम्म बढी ज्वरो आएका दुई जना मात्रै महाकाली अस्पताल पठाएका छौँ' उनले भने, 'गर्मीमा लाइनबस्दा, हिडेर थकित भएर आएकाले पनि ज्वरो बढी देखिन सक्छ ।'

सहायकरथीका अनुसार सेनाको सैनिक चिकित्सकसहित टोली स्वास्थ्य परीक्षणमा खटिएको छ भने बाहिनी र गुल्मको टोली अन्य व्यवस्थापकीय भूमिकामा देखिएको छ । गड्डाचौकीका स्थानीयबासीले सेना स्वास्थ्य परीक्षणमा खटिएकाले आफूहरुलाई जोखिम न्युनीकरणको भरोसा जागेको प्रतिक्रिया दिएका छन् ।

'मान्छेको चाप बढी हुने भएकाले गड्डाचौकीमा केही समस्या जस्तो देखियो,' बाहिनीपति सहायकरथी पण्डितले भने, 'थप व्यवस्थित बनाउन स्थानीय प्रशासन र स्थानीय सरकारसित सहकार्य गरिरहेका छौं ।' उनले सर्वसुलभ रुपमा सेना यात्रुहरुको व्यवस्थापनमा लागि परेको बताए ।

सेनाले शनिबार गड्डाचौकी नाकाको स्थलगत अनुगमनका लागि पुग्नु भएका सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई समेत स्वास्थ्य परीक्षणको अवस्था, व्यवस्थापकीय कठिनाई लगायतका विषयमा जानकारी गराएको थियो ।

# काठमाडौँ उपत्यकामा हात धुने व्यवस्था




काठमाडौं/मस- कोरोना भाइरस (कोभिड -१९) रोकथामका लागि काठमाडौँ उपत्यकाको बढी भीडभाड हुने १६ स्थानमा साबुन पानीले हात धुने व्यवस्था मिलाइएको छ । विश्वमा महामारीका रूपमा फैलिएको उक्त रोग लाग्न नदिन महानगरीय प्रहरी कार्यालय रानीपोखरीले उपत्यकाको बढी भीडभाड हुने स्थानमा हात धुने व्यवस्था मिलाएको हो ।

महानगरीय प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले माछापुच्छ्रे बैंकसँगको सहकार्यमा काठमाडौँ, ललितपुर र भक्तपुरका विभिन्न ठाउँमा ट्याङ्की नै राखेर हात धुने व्यवस्था मिलाइएको जानकारी दिए । साबुनपानीले हात धुने तथा स्यानीटाइजरको प्रयोग र मास्क लगाएर हिँडेमा पनि केही हदसम्म नियन्त्रण गर्न सकिने विशेषज्ञको रायानुसार सर्वसाधारण नागरिकको सहजताका लागि उक्त कार्य गरिएको उनले बताए ।

उनका अनुसार रत्नपार्क, बानेश्वर, गौशाला, सिनामङ्गल, महाराजगञ्ज, त्रिवि शिक्षण अस्पताललगायत ठाउँमा हात धुने व्यवस्था मिलाइएको छ । यस्तै थापाथली, टेकु अस्पताल, पाटन अस्पताललगायत ललितपुर र भक्तपुरका बढी भीडभाड हुने र जोखिम बढी हुने स्थानमा सोमबार पानीको व्यवस्थापन गरिने जनाइएको छ ।

# कैदीबन्दी भेटघाट बन्द

डोटी/मस- जिल्ला प्रशासन कार्यालयले सिलगढीमा रहेको कारागारमा रहेका कैदीबन्दी भेटघाटको कार्यक्रमलाई बन्द गरेको छ । कोभिड-१९ को संक्रमणलाई ध्यानमा राखी भेटघाट बन्द गरिएको हो । अत्यावश्यक परेको खण्डबाहेक अन्य सामान्यतय कैदीबन्दी भेटघाट केही समयका लागि बन्द गरिएको प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताए ।



त्यस्तै जिल्ला कारागारमा रहेका कैदीबन्दी तथा उनीहरुको सुरक्षाका लागि खटिएका प्रहरी कर्मचारीका लागि दैनिक स्वास्थ्य जाँच गर्न एक छुट्टै स्वास्थ्यकर्मीको टोलीसमेत परिचालन गरिएको छ । उक्त टोलीले कैदी तथा कर्मचारीलाई सामान्य बिरामी हुँदासमेत तत्काल प्राथमिक उपचार गर्ने गरी औषधीसहितको व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए ।

कैदीबन्दीलाई अत्यावश्यकरुपमा भेट्न आउनुपर्ने अवस्था सिर्जना भएमा अनिवार्यरुपमा मास्क लगाइ साबुनपानीले राम्रोसँग हातखुट्टा धोएर मात्रै भेट्न दिने व्यवस्था गरिएको कारागार प्रशासन प्रमुख राजन केशीले बताए ।

निःशुल्क मास्क वितरण

दिपायलस्थित पिपल्ला बजारमा रहेको व्यापारीको संस्था डोटी चेम्बर अफ कमर्सले कोभिड- १९ को जोखिमबाट बच्न निःशुल्करुपमा मास्क वितरण गर्न थालेको छ । पछिल्लो समय यहाँका अस्पताल तथा बजारमा मास्क पाउन बन्द भएपछि उक्त संस्थाले आफ्नै लगानीमा जिल्ला बाहिरबाट मास्क ल्याएर सर्वसाधारणलाई निःशुल्करुपमा वितरण गर्न थालेको हो ।

सबैले सहजरुपमा मास्कको प्रयोग गर्नसकुन् भनेर आफ्नै लगानीमा मास्क खरिद गरी निःशुल्क वितरण गर्न थालिएको कमर्सका अध्यक्ष खगेन्द्रबहादुर साउदले बताए । बजारमा मास्क भएर पनि कालोबजारी गर्ने तथा कृत्रिम अभाव गर्नेको खोजी गरी कानूनी कारवाहीका लागि प्रशासनमा जानकारी दिने कार्य पनि शुरु गरिएको उनले जानकारी दिए ।

# बढी भाडा लिने २० कारवाहीमा

काठमाडौं/मस- मौकाको फाइदा उठाई बढी भाडा लिएर टिकट बेच्ने २० जनालाई प्रहरीले आज कारवाही गरेको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले यात्रु बनेर जाँदा बढी भाडा लिएको पाइएपछि आइतबार उनीहरुलाई कारवाही गरिएको बताए । तीनदिनमा ४६ जनालाई यसरी कारवाही गरिसकिएको छ ।

यसअघि शनिबार १७ जनालाई र शुक्रबार नौ जनालाई कारवाही गरिएको थियो । ट्राफिक प्रहरीको हटलाईन १०३ मा आएको गुनासोका आधारमा प्रहरी यात्रु बनेर जाँदा यसरी बढी भाडा लिएको पाइएको हो । उनीहरुलाई नयाँ बसपार्क, कोटेश्वर, बल्खु, चाबहिल र गौशालाबाट पक्राउ गरिएको हो ।

उनीहरुले एउटै टिकट दुई जनालाई बेच्ने गरेकोसमेत पाइएको छ । कतिपयलाई बढी भाडा नतिरे नलैजाने गरेको पाइएकाले पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरीले आफैँ यात्रु बनेर निगरानी गर्ने, हिँड्न लागेको गाडीका यात्रुसँग जानकारी लिने र यात्रु बस्ने लाममा बसी टिकट मागेर श्रव्यदृष्य रेकर्ड गरी कानूनको दायरामा ल्याउने गरेको छ ।

# क्वारेन्टाइनस्थल सिफारिस गर्न आग्रह



काठमाडौं/मस-सरकारले क्वारेन्टाइनका लागि होटल, शैक्षिक संस्था, होस्टेल र खेलकुद रंगशालाहरुलाई व्यवस्थापन गर्न सम्बन्धित पक्षलाई निर्देशन दिएको छ । कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथाम तथा नियन्त्रण उच्च स्तरिय समन्वय समितिले पर्यटन विभाग होटल व्यवसायी महासंघ, प्याब्सन, हिसान राष्ट्रिय खेलकुद परिषद लगायतका संघ संस्थाहरुलाई क्वारेन्टाइनका लागि उचित व्यवस्थापन गर्न निर्देशन दिएको हो ।

आइतबार बसेको समिति बैठकले कम्तिमा २ हजार व्यक्ति क्वारेन्टाइनमा राख्न उपयुक्त होटलहरुको स्थान सहितको विवरण पेश गर्न पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, नेपाल होटल संघ र होटल व्यवसायी महासंघलाई निर्देशन दिएको हो । यसैगरी प्याब्सन, एनप्याब्सन र हिसानका प्रतिनिधिलाई आपसी समन्वय गरी कम्तिमा २ हजार क्षमताका होस्टेल/विद्यालयको स्थान सहितको विवरण तयार गरी पेश गर्न निर्देशन दिएको छ ।

राष्ट्रिय खेलकुद परिषददलाई काठमाडौं ललितपुर, पोखरा, बुटवल र धरानमा रहेका होस्टल र रंगशाला (टेन्टबाट निर्माण गर्न सकिने सहित) मा क्वोन्टाइनका लागि व्यवस्थापन गर्न निर्देशन दिएको छ । यस्तै सार्वजनिक क्वारेन्टाइन स्थल सम्बन्धि मापदण्डको मस्यौदा तयार गर्ने जिम्मा गृहमन्त्रालयलाई दिएको छ । गृहको संयोजकत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र चारवटै सुरक्षा निकायका प्रतिनिधिको पनि संलग्नता रहने छ ।

समन्वय समितिले काठमाडौं उपत्यकामा ५ हजार क्षमताको सार्वजनिक क्वारेन्टाइन स्थल तत्काल निर्माण गरी सबै निकायहरु परिचालन हुने र आवश्यक पर्दा तुरुन्त अस्थायी अस्पतालमा रुपान्तरण गर्न सकिने तयारी गर्न पनि भने को छ ।

प्रत्येक प्रदेश र महानगरपालिकाले २ हजार, उपमहानगरपालिकाले १ हजार जिल्ला सदरमुकाम रहेका नगरापलिका र गाउँपालिकाले ५ सय (हिमाली क्षेत्रको हकमा), १ हजार (पहाडी क्षेत्रको हकमा) र २ हजार (तराई क्षेत्रको हकमा) क्षमताको क्वारेन्टाइनस्थल निर्माण गर्न प्रदेश र स्थानीय तहलाई दिर्नेशन दिएको छ । समितिले काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई इचङ्गुनारायण स्थल र बलम्बुमा रहेको मनमोहन अस्पतालको भवन परिसरको निरीक्षण गरी विवरण तयार गर्न पनि निर्देशन दिएको छ । समितिको निर्देशन अनुसार सोमबार विहान प्रतिवेदन पेश गर्नुपर्ने छ ।

# उपत्यकामा ५ हजार क्षमताको क्वारेन्टाइन स्थल बनाइने

काठमाडौं/मस- सरकारले कोभिड-१९ को सम्भावित जोखिमलाई दृष्टिगत गरी काठमाडौं उपत्यकामा कम्तीमा पाँच हजार व्यक्ति क्षमताको सार्वजनिक क्वारेन्टाइन स्थल तत्कालै निर्माण गर्ने भएको छ । कोभिड-१९ विरुद्ध क्वारेन्टाइन स्थल निर्माण तथा व्यवस्थापन कार्यदलको आज पहिलो बैठकले उक्त क्वारेन्टाइन स्थल निर्माणका लागि सम्बन्धित सबै निकाय संयुक्तरूपमा परिचालित हुने र सो स्थललाई आवश्यक पर्दा तुरुन्त अस्थायी अस्पतालमा रूपान्तरण गर्न सकिने गरी तयारी गर्ने निर्णय गरेको हो । उपत्यकाका होटल, विद्यालय, रङ्गशालालगायत स्थानमा त्यस्तो क्वारेन्टाइन बनाइनेछ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको संयोजकत्वमा पर्यटन मन्त्रालयमा भएको बैठकले सार्वजनिक क्वारेन्टाइन स्थलसम्बन्धी मापदण्डको मस्यौदा तयार गरी आजै साँझ ६ बजेसम्म गृह मन्त्रालयको संयोजकत्वमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र चारवटै सुरक्षा निकायका प्रतिनिधि (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग) रहेको टोलीले कार्य गरी पेश गर्ने निर्णय गरेको छ ।

उक्त टोलीको प्रतिवेदन/मस्यौदा आएपश्चात् सो बमोजिम आवश्यक पर्ने स्रोतसाधन/बजेट व्यवस्थापन योजनासम्बन्धी कार्य अर्थ मन्त्रालय, गृह मन्त्रालय, शहरी विकास मन्त्रालय र चारवटै सुरक्षा निकायका प्रतिनिधिको टोलीले सोमबार बिहान १० बजे हुने बैठकमा पेश गर्ने निर्णय गरिएको मन्त्रालयले जनाएको छ ।

पर्यटन विभाग र नेपाल पर्यटन बोर्डले नेपाल होटल सङ्घ र होटल व्यवसायी महासङ्घसँग समन्वय गरी कम्तीमा दुई हजार व्यक्ति क्षमताका लागि उपयुक्त होटलहरुको स्थानसहितको विवरण तयार गरी भोलिको बैठकमा पेश गरिनेछ ।

काठमाडौँका प्रजिअले इचङ्गुनारायण स्थल र बलम्बुस्थित मनमोहन अस्पतालको भवन परिसरको निरीक्षण गरी आवश्यक पर्दा कति व्यक्ति क्षमतामा प्रयोग गर्न सकिन्छ विवरण तयार गरी पेश गर्ने, शैक्षिक अगुवा संस्थाहरु निजी तथा आवासीय विद्यालय अर्गनाइजेशनलगायत अगुवा शैक्षिक संस्थाको समन्वयमा कम्तीमा दुई हजार व्यक्ति क्षमताका होस्टेल/स्कूलको स्थानसहितको विवरण तयार गरी भोलिको बैठकमा पेश गर्ने निर्णय गरिएको छ ।

त्यस्तै राष्ट्रिय खेलकूद परिषद्ले काठमाडौं, ललितपुर, पोखरा, बुटवल र धरानमा रहेका होस्टल तथा रङ्गशाला (टेन्टबाट निर्माण गर्न सकिनेसहित) मा क्वारेन्टाइनका लागि व्यवस्थापन गर्न सकिने क्षमता यकिन गरी पेश गर्ने निर्णय भएको छ ।

कोभिड सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिसमक्ष विभिन्न क्षमताका क्वारेन्टाइन प्रयोग गर्न सक्ने गरी तयार गर्न प्रदेश सरकार तथा स्थानीय तहलाई निर्देशन हुन सिफारिस गरी पेश गर्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ ।

### बढ्दै ...

अफगानिस्तान अन्तिममा छ । यस्तै दक्षिण सुडान, जिम्बावे, रुवान्डा, सेन्ट्रल अफ्रिकन रिपब्लिक क्रमशः १५२, १५१, १५० र १४९औं स्थानमा छन् । इन्डेक्समा भनिएको छ,'सबैभन्दा धेरै खुसी मुलुक ती हुन्, जहाँ नागरिकले आफ्नो स्वामित्वको भावना महसुस गर्छन्, एकअर्काप्रति विश्वास गर्छन् र साझा संस्थाको मज्जा लिन्छन् ।' राष्ट्रसंघले हरेक वर्ष विश्व खुसी दिवसका अवसरमा मार्च २० मा प्रतिवेदन सार्वजनिक गर्दै आएको छ ।

### नेपाली...

तयारी गरिरहेको जानकारी दिँदै भट्टले सेनाले आफ्नो सम्पूर्ण तयारी २ हप्ताभित्र सक्ने बताए ।

नेपाल भारत सीमा क्षेत्रमा थप कडाई गर्ने विषयमा भारतसँग छलफल भइरहेको उनले बताए ।

समितिले विदेशी नागरिकलाई नेपाल प्रवेशमा रोक लगाउन सरकारलाई निर्देशन दिएको छ । विदेशी नागरिकलाई नेपाल प्रवेशमा रोक लगाउन र विदेशबाट आउने नेपाली नागरिकलाई अनिवार्य क्वारेन्टाइन्मा राख्ने व्यवस्था गर्न सरकारलाई निर्देशन दिइएको समिति सभापति निरादेवी जैरुले बताइन् ।

दैनिक उपभोग्य वस्तु, औषधि, स्वास्थ्य परीक्षणका लागि आवश्यक उपकरण र उपचारमा संलग्न चिकित्सकहरुको सुरक्षाको समुचित प्रवन्ध गर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ । दक्षिणी सीमा लगायत सबै सीमा भन्सार विन्दुमा आवतजावत गर्नेहरुको स्वास्थ्य परीक्षण अनिवार्य गर्न पनि समितिले निर्देशन दिएको छ । सुरक्षाको समुचित व्यवस्था गर्दै बाह्य सहयोग परिचालन र आवश्यक परे सहयोग लिन समेत समितिले निर्देशन दिएको छ ।

### नेताहरू...

जोखिम न्यूनीकरण गर्न विभिन्न तरिका अपनाएको उनको सचिवालयले जनाएको छ । सिटौलाका स्वकीय सचिव किरण सिटौलाका अनुसार नेता कार्यकतासँग भेटघाट भइरहेको तर घर बाहिर खासै निस्किएका छैनन् । नेता शेखर कोइरालाले कोरोना विरुद्ध सचेतना फैलाइ रहेको बताएका छन् । गृहजिल्ला पुगेका कोइरालाले आमा नुना कोइरालाको नाममा स्थापित संस्थाबाट मास्क तथा सेनिटाइजर वितरण गरिरहेको बताए । उनले भेटघाट जारी रहेपनि सचेत रहेको दाबी गरे । कांग्रेसका अन्य शीर्ष नेताहरु पनि होम क्वारेन्टाइनमै बसिरहेका छन् ।

### बहराइनमा...

कोरोना भाइरस फैलाएको आरोप लगाएको छ । साउदी अरबले इरानको भ्रमण गर्ने कार्यलाई अपराधकीरण घोषित गरेको छ । यूएईमा १ सय ५३ जनामा संक्रमण देखिएको छ ।

यूएई र बहराइनका प्रतिष्ठित होटलहरूले करिव ३ सय नेपाली कामदारको भिसा रद्द गरी उनीहरूलाई स्वदेश फर्काउन थालेको समाचार आइतबार मध्यान्ह दैनिकमा छापिएको थियो । ठूलो संख्यामा नेपाली कामदार रहेको अर्को मुलुक साउदी अरबमा ५ सय ११ संक्रमित फेला परेका छन् । उता, ओमानमा आइतबारसम्म ५२ जना संक्रमित फेला परेको बताइएको छ ।

### बोर्डले ...

रोजगारदाता मुलुकमा आन्तरिक विद्रोह, आर्थिकमन्दीका कारण अलपत्र परेका कामदारलाई उद्धार गर्ने, जनचेतनामूलक कार्यक्रमहरू संचालन, बिदेशमा सुरक्षित गृह संचालनलगायतका काममा पनि बोर्डले सहायता गर्ने गरेको छ ।

# प्रभावकारी समाचार प्रवाह गर्न निर्देशन

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले कोभिड-१९ को रोकथाम र जोखिम न्यूनीकरणका लागि सार्वजनिक सञ्चारमाध्यम र सञ्चार सेवा प्रदायक संस्थालाई थप प्रभावकारी सूचना प्रवाह गर्न निर्देशन दिएका छन् । सञ्चार मन्त्रालयमा ती निकायका प्रमुखसँगको आइतबारको छलफलमा मन्त्री डा खतिवडाले कोभिड-१९संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति र सरकारका निर्णयसम्बन्धी समाचार व्यवस्थित र प्रभावकारी रुपमा सम्प्रेषित भएमा जनताले सही सूचना पाउने र कुनै त्रासको वातावरण नहुने बताए ।



विशेष परिस्थितिमा छिनछिनमा निर्णय र ताजा सूचना सम्प्रेषण गर्नुपर्ने भएकाले आफ्ना उपकरण र साधनलाई तन्दुरुस्त राखी जनशक्तिलाई सक्रियताका साथ परिचालन गरी जनतालाई सूचना प्रवाहमा कुनै कमी हुन नदिन उनले निर्देशन दिए ।

उनले ती निकायको कामसँग सम्बन्धित कुनै निर्णय गर्नुपर्ने भएमा आफूले उच्चस्तरीय समन्वय समितिमा प्रस्ताव लाने अवगत गराए । सरकारका प्रवक्ता डा खतिवडाले भने, 'सामाजिक सञ्जालको दुरुपयोग गरी नभएको समस्यालाई देखाएर वातावरण त्रसित तुल्याउन खोज्नेलाई कानूनी कारवाहीको दायरामा ल्याउने काम भइरहेको छ । हाम्रा सार्वजनिक सञ्चारमाध्यम र सबै सञ्चारमाध्यमले समयमा सही सूचना दिएमा अफवाह फैलाउने निरुत्साहित हुनेछन् ।'

उनले शिक्षालय बिदा नभएकाले बालबालिका र विद्यार्थीलाई घरमा बसेर इन्टरनेटबाट पढ्नुपर्ने भएकाले त्यसको सहज प्रबन्धका लागि पनि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराए । अर्थमन्त्री डा खतिवडाले विषयविज्ञको छनोट सही ज्ञान र सूचना दिने सामाजिक जिम्मेवारी बोकेकालाई गर्नुपर्छ भन्दै भएको विषयवस्तुलाई बढाइचढाई वा अनावश्यक अनुमान गरेर आतङ्कित पार्ने काम विज्ञको हुन नहुनेमा जोड दिए ।

छलफलमा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यमका प्रमुख, सञ्चार सेवा प्रदायक संस्था र सञ्चार क्षेत्रको नियमनकारी निकायका प्रमुखले हाल कोभिड-१९ रोकथाम र नियन्त्रणका सन्दर्भमा सरकारी निर्णय र त्यसको कार्यान्वयनमा आफ्ना संस्थाबाट भइरहेका पहलबारे जानकारी दिएका थिए ।

## 'अफवाह फैलाउने सामग्री सम्प्रेषण भएमा उजुरी गर्नुहोस्'

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले कोभिड-१९ बारे भ्रम र उत्तेजना फैलाने सामग्री प्रकाशन/प्रसारण नगर्न आमसञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरेको छ । काउन्सिल बोर्ड र सचिवालयको संयुक्त बैठकले कोरोना भाइरसबाट अधिकांश देश आक्रान्त बनिरहेका अवस्थामा केही मिडिया र सामाजिक सञ्जाल प्रयोगकर्ताबाट हल्ला र अनुमानका आधारमा लापरवाहीपूर्वक तथ्यहीन सूचना सम्प्रेषण हुने गरेको पाइएकाले त्यसो नगर्न अनुरोध गरेको हो । काउन्सिलले जिम्मेवार सञ्चारकर्मी र सञ्चारमाध्यमबाट सम्प्रेषण भएमा तत्काल काउन्सिलमा उजूरी गर्न पनि आग्रह गरेको छ ।

काउन्सिलले नेपाल पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) को ५ को दफा १४ को 'पत्रकार तथा सञ्चारमाध्यमले व्यक्तिको स्वास्थ्य, महामारीलगायत जनस्वास्थ्यसँग सरोकार रहने विषयसम्बन्धी सामग्री पाठक, स्रोता वा दर्शकमा उत्तेजना वा निराशा उत्पन्न हुने गरी अतिरञ्जित तवरमा कोही, कसैका बारेमा पनि सम्प्रेषण गर्नुहुँदैन' भन्ने प्रावधानको ख्याल गरी सूचना र समाचार सम्प्रेषण प्रवाह गर्न पत्रकार, सञ्चारकर्मी र सामाजिक सञ्जाल प्रयोगकर्तालाई अनुरोध गरेको हो ।

'संयमित हुनुपर्ने गम्भीर समयमा समाजका कतिपय जिम्मेवारी व्यक्तिले आममानिसलाई नै आतङ्कित र तरङ्गित बनाउने गरी केही मिडियामार्फत अफवाह फैलाइरहेको देखिन्छ, प्रेस काउन्सिल नेपाल गलत सूचना, समाचार सम्प्रेषण नगर्न यस्ता मिडियालाई निर्देशन दिन चाहन्छ,' काउन्सिलद्वारा जारी विज्ञप्तिमा भनिएको छ । काउन्सिलले सूचीकरणका लागि निवेदन फाराम लिने र पत्रपत्रिका वर्गीकरणको प्रमाणपत्र वितरण गर्ने कार्य तत्कालका लागि बन्द गर्ने भएको छ । काउन्सिल पत्रकार आचारसंहिता बनाई देशभरका सञ्चारमाध्यम र पत्रकारको अनुगमन गर्ने राज्यको एकमात्र जिम्मेवार स्वायत्त संस्था हो । काउन्सिलले कुनै पत्रकार, मिडिया र गलत सूचना, समाचार सम्प्रेषण गर्नेका विरुद्ध अनलाइनमार्फत उजूरी सुन्ने गर्दै आएको छ ।

# सतर्कता अपनाऔं : प्रचण्ड

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वव्यापी महामारीका रुपमा देखापरेको कोरोना भाइरसको संक्रमणबाट बच्नका लागि सावधानी र चेतना अभिवृद्धि गर्न सिङ्गो पार्टी पंक्ति र जनसमुदायमा आग्रह गरेका छन् ।



अध्यक्ष दाहालले आइतबार प्रेस नोटमार्फत कोरोनाबाट बच्न विशेष सावधानी अपनाउन आग्रह गर्दै पार्टी र सरकारले लिएका नीतिगत र व्यावहारिक निर्णयलाई दृढतापूर्वक पालना गर्न सम्बन्धित सबैमा आग्रह गरेका छन् ।

अध्यक्ष दाहालले कोरोना भाइरसको संक्रमण रोक्ने तयारीका लागि आवश्यक औषधि, उपकरण र दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्थालाई सहज तुल्याउनेतर्फ आफ्नो पहल बढाउन सरकारलाई अनुरोध गरेका छन् । यस्तै उनले जोखिमसँग जुध्न राष्ट्रिय एकता र उच्च मनोबलका साथ लागिपर्न र यसको सामना गर्न पनि सबैमा अनुरोध गरेका छन् ।

# गृहमन्त्री थापा र भारतीय राजदूतबीच भेटवार्ता

**काठमाडौं/मस–** गृहमन्त्री रामबहादुर थापासँग नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले आइतबार शिष्टाचार भेटवार्ता गरेका छन् । गृह मन्त्रालयमा भएको भेटवार्ता दुई देशबीचको सम्बन्ध, आपसी सहकार्य र सहयोगका विषयमा केन्द्रित रहेको थियो ।



नेपालमा भारतीय राजदूतका रुपमा कार्यभार सम्हालेकोमा क्वात्रालाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै गृहमन्त्री थापाले उनको कार्यकालमा दुई देशको सम्बन्धले थप उचाई लिने विश्वास व्यक्त गरे । मन्त्री थापाले नेपालको विविध क्षेत्रका साथै सुरक्षा निकायको तालिम र भौतिक सामग्रीमा भारतले गर्दै आएको सहयोगप्रति राजदूत क्वात्रामार्फत भारत सरकारलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि त्यसले निरन्तरता पाउने विश्वास व्यक्त गरे ।

भेटमा उनले विश्व्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)को महामारीसँग जुध्न सार्क राष्ट्रका मुलुकबीच सहकार्यको आवश्यकतामा जोड दिए । यसै सन्दर्भमा नेपाल-भारत सीमाबाट सो महामारी नफैलियोस भनेर सीमा नियन्त्रणमा दुबै देशको समझदारी र सहकार्यका लागि गृहमन्त्री थापाले राजदूत क्वात्रासँग आग्रह गरे ।

राजदूत क्वात्राले नेपाल-भारत सम्बन्धको ऐतिहासिक सम्बन्धको चर्चा गर्दै आफ्नो कार्यकालमा सो सम्बन्धलाई थप मजबुत बनाउन सक्दो भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गरे । उनले कोरोना भाइरस विरुद्धको लडाइमा नेपाललाई आवश्यक सबै सहयोग गर्न भारत तयार रहेको बताए ।

कोरोनाको त्रासपछिको अवस्थामा नेपाल-भारत सीमा व्यवस्थापनका सम्बन्धमा दुई देशका परराष्ट्रमन्त्रीबीच पनि छलफल भइसकेको तथा नेपालको गृह मन्त्रालयसमेतको राय लिएर निर्णय गर्न आफूहरु तयार रहेको क्वात्राले बताए । उनले भारतीय सहयोगमा काभ्रेको पनौतिमा बन्न लागेको नेपाल प्रहरीको तालिमकेन्द्र निर्माणको काम र सुरक्षाकर्मीलाई सवारी साधन उपलब्ध गराउने विषय आफूले प्राथमिकतामा राख्दै यसलाई छुट्टै द्रुतमार्गबाट अघि बढाउने जानकारी गराए ।

# कैलालीमा विस्फोट, एक जनाको मृत्यु

**धनगढी/मस–** कैलालीको गोदावरी नगरपालिका ४ मा विस्फोट हुँदा एक जनाको मृत्यु भएको छ । दाउरा लिन जंगल गएको बेला भेटिएको पितलजस्तो बस्तु घरमा ल्याएर आगोमा जलाउँदा विस्फोट भइ ४० वर्षीय नरबहादुर विकका मृत्यु भएको हो ।

पितल जस्तो देखिने वस्तुलाई घरमा ल्याएर आगोमा हाल्दा विस्फोट भएको या उछिटिएर विकको शरीरमा लाग्न गई मृत्यु भएको हो भन्ने कुरा एकिन हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक दक्षकुमार बस्नेतले जानकारी दिए ।

यसबारे सत्यतथ्य बुझ्न इलाका प्रहरी कार्यालय मालाखेतीका प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर विष्टको नेतृत्वको टोली घटनास्थलतर्फ प्रस्थान गरेको वताए ।

# बस दुर्घटनामा एकको मृत्यु

**तनहुँ/मस–** पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ घाँसीकुवामा आइतबार बिहान बस दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा गोरखा नगरपालिका घर भई हाल तनहुँको शुक्लागण्डकी नगरपालिका-२ बस्ने २५ वर्षीया शर्मिला ठकुरी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

मुग्लिङदेखि पोखरातर्फ आउँदै गरेको ग१ख ४९०० नं को बस सडकमा पल्टिँदा च्यापिएर ठकुरीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी दिए । 'अगाडिको सिटमा बसेकी युवती झ्यालको शिशा फुटेर बसबाट खसेको र सोही बसले च्यापिएर मृत्यु भएको रहेछ,' उनले भने ।

दुर्घटनामा बसमा सवार १८ जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनालाई थप उपचारका लागि पोखरा र एक जनालाई काठमाडौं पठाइएको छ भने अन्य घाइतेको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

# वडा सदस्य प्रहरी हिरासतमा

**बाजुरा/मस–** जिल्लाको त्रिवेणी नगरपालिका वडा नं २ का वडासदस्य लालबहादुर बुढा महिलालाई जबर्जस्ती करणी गरेको उभियोगमा प्रहरी हिरासतमा पारेका छन् । जिल्ला प्रहरी कार्यालयले उनलाई सो अभियोगमा गत फागुन २९ गतेदेखि हिरासतमा राखेको जनाएको छ ।

सैतीस वर्षीय वडासदस्य बुढालाई स्थानीय महिलाले दिएको उजुरीका आधारमा पक्राउ गरी हिरासतमा राखिएको प्रहरी निरीक्षक दानबहादुर रोकायाले बताए । प्रहरी निरीक्षक रोकायाका अनुसार बुढाले फागुन २२ गते वडावासी समेत रहेकी महिलालाई जबर्जस्ती करणीको प्रयास गरेको बताइएको छ । ती पीडित महिलाले घटना भएको सात दिनपछि प्रहरीमा उजुरी दिएकी थिइन् ।

# मर्स्याङ्दीमा बस खस्दा २ जनाको मृत्यु

**कास्की/मस–** तनहुँको आबुखैरेनीस्थित ऐना पहराबाट मर्स्याङ्दी नदीमा यात्रुवाहक बस खसेको छ । बस खस्दा २ जनाको मृत्यु भएको छ । यस्तै, १२ जना घाइते भएको ट्राफिक प्रहरी चौकी आँबुखैरेनीका प्रमुख रामकृष्ण गौलीले जानकारी दिए ।

पोखराबाट नेपालगन्जका लागि छुटेको ना.५ख ४२९४ नम्बरको यात्रुवाहक बस नदीमा खसेको हो । बस सडकबाट झन्डै सय मिटर तल नदीमा खसेको जनाइएको छ । दुर्घटना भएको बसमा कति यात्रु सवार थिए भन्ने स्पष्ट नभएको बताइएको छ ।

# भारतबाट भित्रिनेहरुलाई रोक्न माग

**काठमाडौं/मस–** सरकारले कोरोना भाइरस भित्रिन नदिन गरेको सार्वजनिक आवागमनसम्बन्धी प्रयासलाई सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालले स्वागत गरेको छ । महासंघले काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरी सरकारद्वारा गरिएको लामो दुरीका सवारी रोक्ने निर्णय स्वागत योग्य भएको बताएको हो ।




महासंघका अध्यक्ष होमप्रसाद अधिकारीले नेपाल सरकारले कोरोना भाइरस आउन नदिन गरेका कार्यहरुलाई महासंघले हातेमालो र सहयोग गर्ने बताए । अधिकारीले भने, 'प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार राष्ट्रका नाममा जुन सम्वोधन गर्नुभएको छ, त्यसप्रति महासंघले स्वागत गर्दछ ।'

कोरोनाको संक्रमण भित्रिन नदिन भारतबाट आउने भारतीय नागरिक पनि पूर्ण रुपमा रोक्न सरकारलाई आग्रह गर्दै अधिकारीले नेपाली सवारी साधनहरुलाई ज्वरो नाप्ने यन्त्र, मास्क जस्ता सामानहरु उपलब्ध गराइदिन समेत सरकारसँग आग्रह गरे । सरकारले तोकेको भन्दा कुनै सवारीले धेरै भाडा लिएको पाइएमा कारवाहीको दायरामा ल्याउन महासंघले सहयोग गर्ने पनि अध्यक्ष अधिकारीले प्रतिबद्धता व्यक्त गरे ।

संवाद क्लब नेपालमा आयोजित कार्यक्रममा राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भारतबाट नेपाल आउने सवारी साधनमा आउने मानिसहरुको सरकारले प्रभावकारी रुपमा चेकजाँच गर्न नसकेको आरोप लगाए ।

उनले भारतबाट नेपाल आउने सुनौली नाकामा विहान ६ बजे देखि बेलुका ६ बजेसम्म चेकजाँच भएपनि रातको समयमा चेकजाँच गर्ने काममा लापरवाही भएको बताए । साथै सरकारले सबै क्षेत्रको अनुगमनलाई प्रभावकारी रुपमा अगाडि बढाउन जरुरी रहेको बताउँदै जनता पनि सतर्क हुन जरुरी रहेको महर्जनले बताए ।

# कोभिड–१९ : जाँचपछि मात्र घोराही प्रवेश

**घोराही/मस–** घोराही उपमहानगरपालिकाले कोरोना भाइरसको संक्रमण भित्रिन नदिन नगरको प्रवेशमा कडाइ गरेको छ । उपमहानगरले घोराही क्षेत्रमा कोभिड-१९ को त्रास फैलिन नदिन यस क्षेत्रमा प्रवेश गर्ने यात्रुलाई अनिवार्य स्वास्थ्य जाँच शुरु गरेको छ । उपमहानगरपालिकाले बजार प्रवेश गर्ने क्षेत्र कुइरेपानीमा यात्रुको स्वास्थ्य जाँच शुरु गरेको हो ।




कोरोना भाइरसको संक्रमण भित्रिन नदिन बजार क्षेत्रको नाकामा स्वास्थ्य जाँच सहायता कक्ष नै स्थापना गरिएको जनस्वास्थ्य अधिकृत विकेश रेग्मीले जानकारी दिए । उपमहानगरले शनिबारदेखि शुरु गरेको स्वास्थ्य जाँचको पहिलो दिन मात्रै करिब २०० गाडीका यात्रुको ज्वरो मापन र अन्य स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिइएको थियो । जाँचका क्रममा कुनै पनि व्यक्तिमा ज्वरो, खोकी जस्ता समस्या नदेखिएको रेग्मीको भनाइ छ ।

उपमहानगरपालिकाले कुइरेपानीमा डा सुवर्ण बुढामगरसहित स्वास्थ्यकर्मीलाई खटाई घोराही प्रवेश गर्ने नागरिकको ज्वरोसँगै अन्य स्वास्थ्य अवस्थाका बारेमा जाँच गर्ने शाखा प्रमुख नारायणप्रसाद घर्तीले जानकारी दिए । पश्चिम क्षेत्रबाट घोराही प्रवेश हुने नारायणपुरमा डा प्रितम डिसीको नेतृत्वमा स्वास्थ्यकर्मी टोलीलाई खटाइएको छ ।

उपमहानगरले स्वास्थ्य जाँचका क्रममा शङ्कास्पद लक्षण देखिए त्यस्ता व्यक्तिलाई राख्नका लागि तीन स्थानमा आइसोलेसन कक्षको स्थापना गरेको छ । जसअन्तर्गत वडा नं ३ को कुइरेपानीस्थित प्रेरणाका लागि अभियान नेपालको भवन, वडा नं १० स्थित साविक त्रिपुर नगरपालिकाको भवन र वडा नं १६ स्थित बाल अस्पतालको भवनलाई प्रयोग गर्ने तयारी गरेको छ ।

# थाइल्याण्डबाट फर्किएका व्यक्ति 'सेल्फ क्वारेन्टाइन'मा

**झापा/मस–** व्यक्तिगत कामले थाइल्याण्ड पुगेर फर्किएका झापाको भद्रपुरका एक व्यक्ति (पुरुष) आइतबारदेखि घरमै स्वनिगरानी (क्वारेन्टाइन)मा बसेका छन् । निगरानीमा बस्ने कार्यको जनस्वास्थ्य कार्यालयले प्रशंसा गर्दै उनलाई प्राविधिक सहयोग पुर्‍याएको छ ।

भद्रपुर नगरपालिका-६ का ३७ वर्षीय ती व्यक्ति शनिवार काठमाडौंबाट विराटनगर विमानस्थल हुँदै घर फर्किएका थिए । उनले घरमा पुगे लगत्तै नगरपालिकाको विपद् व्यवस्थापन समितिमा सम्पर्क गरेर आफूले 'सेल्फ क्वारेन्टाइन'मा बस्न चाहेको बताएका थिए ।

आइतबार जनस्वास्थ्य कार्यालयका अधिकृत जीवन चौलागाई र विपद् व्यवस्थापन समितिको स्वास्थ्यकर्मीसहितको टोली उनको घरमा पुगेको थियो । उनको स्वास्थ्य सामान्य रहेको बताउँदै अधिकृत चौलागाईंले भने, 'सचेत व्यक्ति हुनुहुँदोरहेछ, आफैं सम्पर्क गरेर सेल्फ क्वारेन्टाइनमा बस्छु भन्नुभयो र हामीले उहाँकै घरको एक कोठामा आवश्यक सामान जुटाएर उहाँलाई राख्यौं ।'

उनी २० दिनअघि व्यक्तिगत कामले थाइल्याण्ड गएका थिए । उनलाई समितिले तयार गरेको वडा नं ८ मा रहेको कलबलगुढी क्वारेन्टाइनमा बस्न अनुरोध गरिए पनि आफैं घरमा बस्ने इच्छा व्यक्त गरेपछि घरमै बस्ने वातावरण तयार गरिएको अधिकृत चौलागाईंले बताए । उनको स्वास्थ्य नियमित परीक्षण गरिने उनको भनाइ छ ।


# सिरहामा दुई नाका मात्र सञ्चालनमा

**सिरहा/मस–** कोभिड- १९ संक्रमणको सम्भावित खतरालाई दृष्टिगत गरी भारतसँग जोडिएका दुई नाकाबाहेक सिरहाका सबै नाका आइतबार बिहानदेखि बन्द गरिएको छ । छिमेकी मुलुक भारतमा समेत कोरोना भाइरस फैलिएपछि भारतसँग जोडिएका माड्र र ठाडीबाहेक जिल्लाका सबै नाका आइतबार बिहानदेखि बन्द गरिएको प्रमुख जिल्ला अधिकारी सरोज गुरागाईंले जानकारी दिए ।



खुला सीमाका कारण भारतबाट मानिसको ओहोरदोहोरबाट भाइरस भित्रिन सक्ने जोखिलाई मध्यनगर गरि जिल्ला सुरक्षा समितिको निर्णयअनुसार ती दुई नाकाबाहेक सबै सीमा नाका बन्द गरिएको प्रजिअ गुरागाईंले बताए । परिस्थिति जटिल बन्दै गए खुला राखिएका ती दुवै नाकासमेत बन्द गर्न सकिने र खुला रहेका नाकामा सुरक्षा निगरानी बढाइनुका साथै दुई/दुई हेल्थ डेस्क राखिएको बताइएको छ ।

यस्तै कोरोना भाइरसको सम्भावित जोखिमलाई मध्यनजर गरी सिरहामा १५ आइसोलेसन कक्ष तयार पारिएको छ । सदरमुकामस्थित जिल्ला अस्पताल, धनगढीमाई नगरपालिकास्थित आरके मेडिसिटी अस्पताल र कर्जन्हा नगरपालिकास्थित फुलकुमारी मेमोरियल अस्पतालमा पाँच/पाँच श्यया गरी १५ श्ययाका आइसोलेसन कक्ष तयार पारिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले जानकारी दिए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# मनोवैज्ञानिक रोकथाम


कोरोना भाइरसको विश्वव्यापी महामारी फैलिए सँगै फेक न्यूजको प्रकोप समेत फैलिएको छ । कोरोना भाइरससँग जोडेर बनाइएका फेक न्यूजले आम नागरिकमा मनोवैज्ञानिक त्रास सिर्जना गरेको छ । नेपालमा पनि फेक न्यूज र अफवाह फैलाउने कार्य भएको तथ्य नेपाल प्रहरीले सार्वजनिक गरेको छ । शनिबार मात्रै भक्तपुरबाट एक युवकलाई कोरोना भाइरसबारे अफवाह फैलाउने कार्यमा संलग्न भएको आरोपमा प्रहरीले नियन्त्रणमा लिएको छ । केही भ्वाइस मेल गरेर पनि अफवाह फैलाइएको पाइएको थियो । उक्त कार्यको नेपाली सेनाले खण्डन नै गरेको छ । सार्वजनिक भएका यी दुई तथ्य बाहेक आम सञ्चार माध्यममा समेत अफवाह फैलाउने प्रकृतिका सूचना सञ्चार भएको भन्दै सरोकारवालाहरूले आपत्ति जनाएका छन् ।

एकातर्फ कोरोना भाइरसको स्वास्थ्य संकटकाल र अर्कातिर अफवाहका कारण आम नागरिकमा बढी नै त्रसित देखिएका छन् । उत्तरी छिमेक चीनमा गएको नोभेम्बरबाटै संक्रमण देखिएको थियो । कोरोना भाइरसको संक्रमण नै चीनको हुपेई प्रान्तको वुहानबाट शुरू भएको थियो । तर, कोरोना भाइरसको संक्रमण एक जनामा मात्रै देखिएको थियो । ती संक्रमित पनि निको भइसकेका छन् । अहिले यूरोप, अमेरिका हुँदै दक्षिणी छिमेक भारतसम्म कोरोनाको प्रकोप भित्रिसकेको छ । आइतबार नेपालसँग सीमा जोडिएको बिहारमा पनि कोरोना भाइरसको संक्रमणबाट एक जनाको मृत्यु भएको छ ।

अतः नेपालमा कोरोना भाइरसको त्रास अझ बढी देखिएको छ । यस्तो बेलामा फेक न्यूज र अफवाह फैलाउने कार्यले अझ बढी त्रसित बनाउने नै भयो । तसर्थ, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले विश्व स्वास्थ्य संकटकाल नै घोषणा गरेको कोरोना भाइरसको संक्रमणजस्तो गम्भीर विषयमा अफवाह फैलाउनु आफैंमा आपराधिक विषय हो । यस्ता आपराधिक कार्य निरूत्साहित गर्नु सम्बन्धित सरोकारवालाहरूको दायित्व हो ।


भनिन्छ– महामारी विरूद्ध लड्न मनोवैज्ञानिक पक्ष बलियो हुनुपर्छ । तर, अफवाहले मनोवैज्ञानिक पक्षलाई कमजोर बनाउँछ । कोरोना महामारी रोकथामका लागि संसारभर युद्धस्तरमा काम भइरेहका हामीले पनि यसतर्फ सचेतता अपनाउनुपर्नेछ । त्यसका लागि मनोवैज्ञानिक रूपमा सचेत पंक्तिले मात्रै कोरोना महामारी विरूद्ध लड्न सक्ने भएकाले यसतर्फ उचित ध्यान दिनुपर्नेछ । आतंकित बनाउने फेक न्यूज र अफवाह फैलाउने कार्यलाई निरूत्साहित गर्दै सचेतता अपनाउने पंक्तिलाई भने प्रोत्साहन गर्नुपर्नेछ ।

## सामाजिक सञ्जाल



कृष्चियन पाष्टरहरू प्रवचनमा किन यस्तो बिघ्न चिच्याउँछन् ? धार्मिक प्रवचन त श्रुतिमधुर र आनन्ददायक हुनुपर्ने होइन र ? कि मैले देखेसुनेका मात्र चिच्याएका हुन् ?

**- राम्रो म**




फरक यति, अन्यत्रका उद्योगपतिहरू कोरोना संकटका बेला सकेको आर्थिक योगदान गर्छन् । हाम्रा देशका चाँहि संकटका बेला कालोबजारी गरेर कसरी पैसा कमाउने भनेर लाग्छन् र पाप कटाउन मन्दिरमा पूजा–आजा गर्छन् ।

**- विष्णु रिजाल**




सार्क आपतकालीन कोषमा सदस्य राष्ट्रबाहेक सर्वसाधारणले पनि आर्थिक सहयोग गर्न मिल्ने हो कि हैन ? कसरी थाहा पाउने होला । कसैसँग आधिकारिक जानकारी भए आभारी हुने थिएँ !

**- वसन्त चौधरी**



सामाजिक सन्जालमा आउने भनेकै देखाउन, सुनाउन, चिच्चाउन होइन र ? नत्र त एकान्तमा गएर साधना, तपस्या, ध्यान गरेर शान्ती खोजे भयो नि !

**- लिवमङी अराजक**



सामाजिक सञ्जालमा आउने भनेकै देखाउन, सुनाउन, चिच्चाउन होइन र ? नत्र त एकान्तमा गएर साधना, तपस्या, ध्यान गरेर शान्ती खोजे भयो नि !

**- ओम थापा**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com


# भाका सराइ र लागत वृद्धिको चंगुलमा फसेको मेलम्ची



■ ढुनबहादुर बुढाथोकी

> नाजुक कार्य क्षमताका कारण वि.स.२०६८ सम्ममा उक्त अवधिमा १ हजार ३ सय ८० मिटर अडिट टनेल, २९ मिटर अम्बाथान फ्लसिङ टनेल, २९ मिटर हेड वर्क्स एक्सेस टनेल र ४ हजार ९ सय ८० मिटर मुख्य सुरूङ गरी जम्मा ६ हजार ४ सय ४४ मिटरमात्र सुरूङ निर्माण हुन सक्यो, जुन कुल हिस्साको २३ प्रतिशतमात्र थियो ।

राजधानीमा बाग्मती, विष्णुमती, रुद्रमती, हनुमन्तेजस्ता खोलानाला अत्यन्त साना भएकाले खानेपानी आपूर्तिको सम्भावना पहिलेदेखि नै थिएन । त्यसमाथि खोलानालाको सरसफाइमा ध्यान दिन नसक्दा पिउन तीन दशकअघिदेखि नै पिउनका लागि अयोग्य बनिसककेका थिए । यसैकारण राजधानीमा खानेपानी अभावको दीर्घकालीन व्यवस्थापनका लागि आजभन्दा ४५ वर्ष पूर्व अर्थात् २०३० ताका विश्व बैंकको सहयोगमा गुरुयोजना तयार भएको थियो । तर, उक्त गुरुयोजना इच्छाशक्तिको अभावमा कार्यान्वयन हुन नसकी त्यत्तिकै तुहियो ।

त्यसको १० वर्षपश्चात् अर्थात् २०४१ मा राजधानीमा आवश्यक पानी उपत्यकाभन्दा बाहिरबाट ल्याउनुपर्छ भन्ने पुनः महसुस गरियो । सोअनुरूप खानेपानी विभागले अनेकन् विकल्पहरू अध्ययन अगाडि बढायो । अध्ययनले मेलम्ची खोलाको पानी राज्यमा ल्याउन सिफारिस गर्‍यो । त्यतिबेलाको अध्ययनले २ अर्ब लागतमै मेलम्चीको पानी काठमाडौंमा ल्याउन सकिने ठम्याइएको थियो । अपितु, खानेपानी विभागको त्यो पहल पनि सार्थक हुन सकेन ।

२०४५ मा राजधानीका लागि आवश्यक पर्ने पानीको स्रोत पहिल्याउने जिम्मा बेलायती अन्तर्राष्ट्रिय संस्था बिन्नी एन्ड पाट्नर्सलाई सुम्पियो । बिन्नी एन्ड पाट्नर्सले उपत्यकाभित्र र बाहिर २० वटा सतहगत स्रोतहरूको सम्भावना अध्ययन गर्‍यो । तीन वर्ष लगाएर गरिएको अध्ययनले मेलम्चीको पानी नै सबैभन्दा उपयुक्त रहेको ठम्यायो । तर, बिन्नी एन्ड पाट्नर्स सिफारिस पनि पहिलेको अध्ययन प्रतिवेदनझैं सिंहदरबारको घर्रामा थन्कन पुग्यो ।

२०४८ मा मेलम्ची खानेपानीको सम्भाब्यता अध्ययन गर्ने जिम्मा पश्चिम सेती जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन गरिरहेको अस्ट्रेलियन कम्पनी 'स्मेक कन्सल्टेन्टलाई' सुम्पियो । स्मेक कन्सल्टेन्टले पहिलो चरणमा २७.५ किलोमिटर लामो सुरुङ निर्माण गरी १७ करोड लिटर र दोस्रो चरणमा याङ्ग्री र लार्के खोलाबाट ३४ करोड लिटर पानी ल्याउन सकिने बतायो । वि.सं. २०३० देखि २०४८ सम्म गरिएको अध्ययनको साझा निष्कर्ष मेलम्ची खोलाको पानी नै राजाधानीका लागि आवश्यक पर्ने पानीको उपयुक्त विकल्प हो भन्ने थियो ।

जहाँसम्म राजनीतिक वृत्तमा मेलम्ची खानेपानी आयोजनाको चियोचर्चोको कुरा छ, नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टाराई मेलम्ची खानेपानीकै कारण चर्चामा रहे । २०४८ को नयाँ बानेश्वरको चुनावी सम्बोधनमा उनको कथन थियो, 'मलाई चुनावमा विजयी गराउनुस्, म मेलम्चीको पानीले राजधानीको सडक धोइदिन्छु ।' मेलम्ची किसुनजीको ब्रान्डनेमजस्तै बन्न पुग्यो ।

२०५० को दशकदेखि वार्षिक बजेटमा समेत मेलम्ची खानेपानीले चर्चा हुँदै आएकोमा २०५३/५४ को बजेट वक्तव्यमा तत्कालीन अर्थमन्त्री रामशरण महतले मेलम्चीको पानी राजधानीमा ल्याउने उल्लेख गरे । २०५५ मा तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयअर्न्तगत मेलम्ची खानेपानी विकास समिति गठन भयो । मेलम्ची खानेपानी विकास समिति गठनपश्चात् २०५७ विश्व बैंक र नरप्लान्टको सहयोगमा मेलम्ची आयोजनाको पुनः सम्भाव्यता अध्ययन सुरु गरिएकोमा २०५९ मंसिरमा विस्तृत डिजाइन तथा लागत अनुमान गरियो । अध्ययनले हेलम्बुको अम्बाथानमा हेडवर्क्स (मुहान) निर्माण गरी २७.५८ किलोमिटर सुरुङमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर र दोस्रो चरणमा लार्के र यांग्री नदीमा बाँध बाँधी १७/१७ करोड लिटर गरी कुल ५१ करोड लिटर पानी राजधानी ल्याउन सकिने कुरा नै सुझायो । सोही अध्ययनका आधारमा २०५८ मा एसियाली विकास बैंक १ सय २० मिलियन अमेरिकी डलर ऋण उपलब्ध गराउन राजी भयो ।

विविध कारणवश २०६३ मा एसियाली विकास बैंकको ऋण सर्त, २०६३ मात्र कार्यान्वयनमा आउन सक्यो । परन्तु, राजनीतिक परिवर्तन र पूर्वाधार निर्माणमा भएको ढिलाइका कारण २०६५ मा ऋण सम्झौताको अवधि समाप्त हुन पुग्यो । यसपश्चात् मेलम्ची खानेपानी आयोजना दुई भागमा विभाजन गरी कार्यान्वयन गर्ने निर्णय भयो । २०६४ मा मेलम्ची खानेपानी उपआयोजना १ (पानी थथान्तरण तथा प्रशोधनसम्मको आवश्यक भौतिक कार्य) को जिम्मेवारी मेलम्ची खानेपानी विकास समितिलाई र पानी प्रशोधन केन्द्रदेखि व्यक्तिगत धारा जडानसम्मको कार्य काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई जिम्मेवारी दिइयो ।

सोअनुरूप वि.स. २०६४ मा मेलम्ची खानेपानी आयोजनाअन्तर्गत हेडवर्क्स र सुरुङ निर्माणका लागि ग्लोबल टेन्डर आह्वान भयो । टेन्डरमा चिनियाँ कम्पनी चाइना रेल्वे १५ ब्युरो ग्रुप कर्पोरेसन (सीसीआरसी) चयन हुन पुग्यो । सोअनुरूप वि.सं. २०७० भदौ १७ सम्ममा सुरुङको निर्माण कार्य सम्पन्न गर्ने गरी २०६५ माघ २७ मा सम्झौता भयो । सीसीआरसीले १ हजार ५ सय ९० दिनसम्ममा कार्य सम्पन्न गर्ने गरी सुरुङ र हेडवर्क्स निर्माणको कार्य ४ अर्ब २८ करोडमा निर्माण गर्ने स्वीकार गरेको थियो । सीसीआरसीले वि.सं. २०६५ चैत २२ मा सुन्दरीजल अटिबाट सुरुङ निर्माणको कार्य सुरुवात गर्‍यो ।

तर, नाजुक कार्य क्षमताका कारण वि.स.२०६८ सम्ममा उक्त अवधिमा १ हजार ३ सय ८० मिटर अडिट टनेल, २९ मिटर अम्बाथान फ्लसिङ टनेल, २९ मिटर हेड वर्क्स एक्सेस टनेल र ४ हजार ९ सय ८० मिटर मुख्य सुरुङ गरी जम्मा ६ हजार ४ सय ४४ मिटरमात्र सुरुङ निर्माण हुन सक्यो, जुन कुल हिस्साको २३ प्रतिशतमात्र थियो । साढे दुई वर्षमा एक चौथाइभन्दा कम काम गर्न सकेको सीसीआरसीले त्यतिन्जेलसम्म ७० करोड मात्र भुक्तानी गरिएको थियो । बाँकी कार्य १ वर्षमा पूरा हुन नसक्नेदेखि सीसीआरसी २०६९ असोज ९ मा ठेक्का अन्त्य भयो ।

सीसीआरसीसँग ठेक्का तोकिएपश्चात् २०६९ मंसिर १६ मा हेडवर्क्स तथा बाँकी सुरुङ निर्माण कार्यका लागि अन्तर्राष्ट्रिय बोलपत्रको आह्वान भयो । २०६९ माघ ८ मा खोलिएको बोलपत्रमा ४ वटा बोलपत्र परेकोमा इटालीयन निर्माण कम्पनीको अपरेसन मुराटोरी सिमेन्टिस (सीएमसी) डी रे भन्ना चयन भयो । सीएमसीसँग २०७० असार ३१ मा सीएमसीसँग सम्झौता भयो । कुल ७ अर्ब ७२ करोड रुपियाँको सम्झौता स्वीकार गरेको सीएमसीले २०७० पुसमा निर्माण कार्य सुरु गर्‍यो । सीएमसीले कार्यजिम्मा प्राप्त गरेको १ हजार ९५ दिनभित्र कार्य तमाम गर्ने सर्त स्वीकार गरेको थियो । सोअनुरूप २०७३ वैशाख २ सम्ममा मेलम्ची खानेपानी आयोजनाको कार्य फत्ते भइसक्नुपर्थ्यो । त्यसो त सीएमसी कार्यक्षताका हिसाबले सीसीआरसीभन्दा सीसीआरसी अब्बल थियो ।

निर्माण कार्य अगाडि बढिरहँदा २०७३ वैशाख १२ र २९ मा महाभूकम्प गयो । यो भूकम्प निर्माण कार्यका लागि सुकला गाँडमा थपला गाँड बन्न पुग्यो । भूकम्पका अतिरिक्त भारतीय नाकाबन्दी र बाढीपरिहेका कारण निर्माण सम्पन्न समय सीमा २०७४ असोज ३१ सम्म पुर्‍याइयो । तर, उक्त समय सीमाभित्र पनि आयोजना फत्ते हुन सकेन । तत्पश्चात् निर्माण सम्पन्न गर्नुपर्ने समय सीमालाई २०७४ चैत्र १२ सम्म लम्ब्याइयो । तर, उक्त समय सीमा पनि अघिल्ला समय सीमाजस्तै यत्तिकै गुज्रियो । २०७५ असार ८ मा खानेपानी मन्त्रालय, मेलम्ची खानेपानी विकास समिति, एसियाली विकास बैंक, परामर्शदाता कम्पनी इजिप्सा र निर्माता कम्पनीबीच छलफल घनिभूत छलफल भयो । छलफलमा २०७५ असोज २९ (सन् २०१८ अक्टुबर १५) सम्ममा मेलम्चीको पानी सुन्दरीजलमा ल्याउने समयसीमा किटान गर्‍यो ।

२०७५ मंसिर २९ कम्पनी घाटामा गएको भन्दै बाँकी काम गर्न नसक्ने जनाउँदै सीएमसीले काम बीचमै छोड्यो । सीएमसीले बीचैमा काम छोडेपश्चात् काम ९ महिना ठप्प हुन पुग्यो । ठेकेदार कम्पनी भागेपछि २०७६ जेठ ६ गतेको मन्त्रिपरिषद्ले बाँकी कार्य अगाडि बढाउने सम्बन्धमा आवश्यक निर्णय गर्‍यो । कुल कार्यलाई १० प्याकेजमा विभाजन गरिएकोमा ८ वटा कार्य सोझै खरिद गर्न सकिने व्यवस्था गरियो । वि.सं. २०७६ जेठ १७ गतेको मन्त्रिपरिषद्को बैठकले टेन्डर सुरुङ र हेडवर्क्सका लागि टेन्डर आह्वान गरेकोमा चिनियाँ कम्पनी सिनो हाइड्रो चयन भएको छ । सोअनुरूप सिनो हाइड्रोले एक वर्ष पूरा गर्ने गरी सम्झौता गरेको छ । सम्झौताभन्दा पहिले कार्य गरे दैनिक ०.१५ प्रतिशत (१२ लाख ७५ हजार) का दरले प्रोत्साहन पुरस्कार पाउनेछ । तोकिएको समयमा पूरा नगरे सो अनुसार जरिवाना तिर्नुपर्नेछ ।

स्मरण रहोस्, २०४८ साललाई आधार वर्ष मान्ने हो भने मेलम्ची आयोजनाको ठोस चर्चा हुन थालेको २७ वर्ष व्यतीत भइसकेको छ । उक्त समयावधिमा १८ जना प्रधानमन्त्री भइसकेका छन् । नेपालको संविधान, २०७२ निर्माणपश्चात् खानेपानी मन्त्रालय गठन भएको मात्र छैन, तीन वर्षमा पाँच जना खानेपानी मन्त्री बनेका छन् । यसअघि तीनवटा ठेकेदार काम फेरिसकिएको छ । अहिले मेलम्ची खानेपानी आयोजना यसै मन्त्रालयअन्तर्गत राखिएको छ ।

त्यसो त पहिलो पटक २०४१ मा मेलम्ची आयोजनाको लागत २ अर्ब अनुमान गरिएको थियो । जबकि ती ताका सडक तथा सुरुङ निर्माण गर्ने अत्याधुनिक साधनहरू नेपालमा भित्रिसकेका थिएनन् । ठेट लागत तय भने एसियाली विकास बैंकसँग ऋण सम्झौताका क्रममा भयो, जहाँ २०५८ मा मेलम्चीको लागत २३.४५ अर्ब किटान गरियो । आयोजना समयमा पूरा हुन नसक्दा २०६५ मा ३१.७३ अर्ब हुँदै २०७१ मा आइपुग्दा ३५.५४ अर्ब पुग्यो । अझै आयोजना निर्माणाधीन अवस्थामा रहेकाले पूरा होउन्जेलसम्म ४५ अर्ब पुग्ने बताइन्छ, जहाँ २०७५/७६ सम्ममा २५.२० अर्ब खर्च भइसकेको छ । यसरी २०७४/७५ सम्ममा भएको समष्टिगत भौतिक प्रगति ८३.७१ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ८७.४ प्रतिशत मात्र हासिल भएको छ, जुन सन्तोषजनकचाहिँ होइन ।

# धान बालीको अर्थराजनीति



उदय रानामगर

नेपाल संघीय गणतन्त्रका हिसाबले युवा अवस्थातर्फ लम्कँदै गरेको देश हो । देश राजनीतिक संक्रमणबाट मुक्त भई समृद्धिलाई केन्द्रभागमा राखी अगाडि बढ्दैछ । नेपालीको प्रतिव्यक्ति आम्दानी सन् २०१८ मा १००४ अमेरिकी डलर पुगेको छ । विकासोन्मुख देशका रूपमा नेपाल अझै कृषिमा आधारित छ । अर्थतन्त्रमा कृषिक्षेत्रको योगदान बढी रहेको भए पनि कुल गार्हस्थ्य उत्पादनमा यसको योगदान घट्दो छ । यसको योगदान आ.व. २०७५/७६ सम्म आइपुग्दा २७.४ प्रतिशतमा सीमित भएको छ । यस क्षेत्रमा कुल जनसख्याको ६०.४ प्रतिशत जनतामा आश्रित रहेको छ । नेपालमा हुने विभिन्न प्रकारका बालीमध्ये तीन प्रमुख अन्नबालीको प्रभुत्व छ । धान, गहुँ र मकैले देशको कुल जीडीपीमा ३०.९२ प्रतिशतले योगदान गर्ने गरेको छ । देशको खाद्य सुरक्षाका लागि यी बालीहरू महत्वपूर्ण रहेका छन् । देश अहिले पनि खाद्यान्न उत्पादनमा आत्मनिर्भर हुन सकेको छैन । किनकि देशको खाद्यान्न उत्पादनले बढ्दो माग धान्न नसकेको कुरा सम्बद्ध निकायबाटै प्रकाशित तथ्यले बताउँछ । यो कुरालाई विश्व भोकमरी सूचकांकमा नेपाल ७२ औं स्थानमा रहिआएबाट पुष्टि गर्छ ।

नेपाल सरकारले विगत केही दशकमा कृषिक्षेत्रको उत्पादकत्व, नाफा–मुनाफा र व्यवसायीकरण अभिवृद्धि गर्न महत्वपूर्ण नीति र आवधिक योजनाहरू ल्याएका छन् । तीमध्ये दीर्घकालीन कृषि परिप्रेक्ष्य योजना (एपीपी) महत्वपूर्ण थियो र यसले नेपाली किसानको जीवननिर्वाहमा सुधार ल्याउने अपेक्षा गरिएको थियो । त्यसैगरी राष्ट्रिय कृषि नीति- २००४, कृषि व्यवसाय प्रवर्द्धन नीति-२००६, राष्ट्रिय बीज नीति-२०००, राष्ट्रिय मलखाद नीति-२००२ र सिँचाइ नीति-२००३ जस्ता एपीपीलाई सहयोग पुर्‍याउनका लागि यस्ता धेरै नीति बनेका छन् । यी सबै प्रयासका बाबजुद, उत्पादकत्व वृद्धि र व्यवसायीकरणको सीमा अपेक्षित रूपमा बढ्न सकेको छैन । अझै पनि ७७ जिल्लामध्ये ३३ जिल्लामा खाद्यान्न अपुग हुने गरेको कुरा कृषि मन्त्रालयको स्रोत बताउँछ ।

नेपालमा कृषि र खाद्यान्न सुरक्षाका लागि केही चुनौतीहरू रहेका छन् । कृषिक्षेत्रलाई गैरकृषि प्रयोजनका लागि रूपान्तरण गर्ने, आर्थिक रूपले सक्रिय जनसंख्याको भरपुर उपयोग गर्ने, जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यून गर्ने, रासायनिक मलको सहज रूपमा उपलब्ध गराउने, कृषिलाई यान्त्रीकरण गर्ने, भूखण्डीकरण रोक्ने जस्ता चुनौतीहरू रहेका छन् । कृषिलाई नेपाली युवाहरूले अनि हाम्रो सस्कारले हेलाको पात्र बनाइयो, अझ भनौं फोहरी, खतरा र असजिलो कार्यका रूपमा हेरिदै आएको छ । राज्यका तर्फबाट यस क्षेत्रलाई त्यति जोड दिएको पाइँदैन । सरकारको लगानी कृषिक्षेत्रमा ३ देखि ४ प्रतिशत मात्र लगानी गर्ने गरेको छ । खाद्यान्न बालीमध्ये सबैभन्दा बढी उपभोग हुने बाली धान बाली हो । वि.सं. २०४६ भन्दा पहिले धान उत्पादनमा नेपाल आत्मनिर्भर थियो । अहिले आएर धानबालीको उत्पादनमा ठूलो अन्तर छ, जुन अनुसन्धान केन्द्र र कृषकहरूको जमिनको बीचमा १ टन प्रतिहेक्टर छ, यद्यपि देशको अनुसन्धान र विकासका कार्यक्रमले उत्पादनको अन्तर कम गर्दा खाद्य सुरक्षामा सुधार आउन सक्छ । नेपाल सरकारले निजी र सहकारी क्षेत्रको विकासमार्फत खाद्यान्न र पोषण सुरक्षा सम्बोधन गर्न सार्वजनिक योजनामा सामेल हुने रणनीतिक योजनाका रूपमा कृषि विकास रणनीति (एडीएसस (२०१५-२०३५) ल्याएको छ । यो योजनापश्चात् कृषिका विभिन्न क्षेत्रमा निजी साझेदारी (पीपीपी) दृष्टिकोण अघि सारिएको छ । यसले कृषिमा व्यवसायीकरणको सुरुवात गर्न सहयोग पुरयाएको छ ।

एफएओका अनुसार हालका वर्षहरूमा सकारात्मक समग्र राष्ट्रिय अनाज सन्तुलनका बाबजुद धान उत्पादनको माग पूरा गर्न घरेलु उत्पादन पर्याप्त छैन । खाद्यान्न आयातको बढोत्तरीले धान उत्पादनलाई भताभुंग पारिँदैछ । खाद्यान्न आयात २००९ मा ४४ अर्ब भएकोमा सन् २०१३ मा आइपुग्दा यो बढेर १ सय २७ अर्ब पुगेको छ । उत्पादन र उत्पादकत्वका हिसाबले अन्नको उत्पादन प्रवृत्ति र गतिशीलतामा त्यस्तो विश्लेषणले अन्नको उत्पादनमा कमी आएका कारण र प्रभावहरू बुझ्नका लागि सहयोगी हुन्छ । यसका साथै यसले कृषि विकास रणनीति कार्यान्वयन गर्न र खाद्य सुरक्षा स्थिति बढाउनका लागि नीति निर्माणमा उपयोगी हुन सक्छ । आर्थिक वर्ष २०१८/१९ मा अनुकूल मौसमको अवस्था, सिँचाइ सुविधाको पहुँच बढेको तथा बीज र रासायनिक मलको सहज उपलब्धता भएका कारण कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व बढेको देखिन्छ । तर, पनि कृषि उत्पादनको जीडीपीमा योगदान क्रमशः हरेक वर्ष घटेर आर्थिक वर्ष २०७४/७५ मा २७.४ प्रतिशतमा सीमित हुन पुगेको छ ।

खाद्यान्न बालीहरू खास गरी धान, मकै र गहुँ नेपालको कृषि उत्पादनको मुख्य आधार हुन् । यी तीन बालीले नेपालमा करिब ७५ प्रतिशतभन्दा बढी कुल खेतीको क्षेत्र ओगटेको छ । धान सबैभन्दा बढी खेती हुने बाली हो । खाद्यान्न बालीहरूमध्ये धानले मात्र ३५ प्रतिशत ओगट्छ । खाद्य सुरक्षाको दृष्टिकोणबाट धानको महत्वपूर्ण भूमिका छ । नेपालमा कुल डाइटरिट इनर्जीमा खाद्यान्नको अंश ६९ प्रतिशत छ । यसको मतलब खाद्यान्नको उपभोग बढी रहेको अवस्था छ ।

कृषि र पशु विकास विकास मन्त्रालयले अनुमान गरेको अध्ययनअनुसार सन् १९९९ मा नेपालमा कुल धान उत्पादन ३७ लाख ९ हजार ७ सय ७० मेट्रिक टन उत्पादन रहेकोमा सन् २०१८ मा आइपुग्दा यो बढेर ५१ लाख ५१ हजार ९ सय २५ मेट्रिक टन पुगेको छ । सोही अवधिमा कुल धान खेती गरिएको भूमी भने १५ लाख १४ हजार २ सय १० बाट घटेर १४ लाख २५ हजार ३ सय ४६ हेक्टरमा झरेको छ । यसले धान उत्पादन हुने जग्गा घट्दै गएको देखिन्छ भने अर्कातर्फ नेपालका सबै जिल्लामा धानखेती समान रूपमा हुँदैन । हावापानी तथा तापक्रमले समेत धान उत्पादनमा असर पार्छ । भारतमा भएको एक अध्ययनले १ डिग्री तापक्रम बढ्दा ४ प्रतिशतले धानको उत्पादनमा कमी आएको देखाएको छ । यसर्थ पनि नेपालको पहाड र हिमाली क्षेत्रमा धान उत्पादन बढेको भए तापनि तराई क्षेत्रमा घट्दै छ भन्ने अध्ययनले देखाएको छ । यसले के देखाउँछ भने पहाडी र हिमाली क्षेत्रमा धान उत्पादन थोरै बढेको तर तराईमा थोरै उत्पादन घट्दा पनि ठूलो संख्यामा खेती हुने भएकाले समग्रतामा धान उत्पादन घटेर जान्छ र आयातलाई प्रश्रय हुने गरेको छ ।

यसले के इंगित गर्छ भने धान फल्ने उर्वर भूमिमा बस्ती बसाल्नाले धान खेती गर्ने भूमि घट्दै छ । त्यसका अतिरिक्त युवा जनशक्ति खेतीतर्फ आकर्षित हुन नसकेका कारण धान उत्पादन हुने जग्गाहरू बाँझो रहेकाले पनि यो अवस्था आएको देखिन्छ । त्यसका साथै कृषिलाई हेलाको पेसा बनाउने र यस पेसामा लाग्ने मानिसको आर्थिक अवस्था कमजोर रहेको पाइएकाले पनि धान बाली लगाउने जग्गाहरू घट्दै गएको देखिन्छ । संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले कृषिलाई नीतिगत रूपमा प्राथमिकतामा राखेको भए पनि व्यवहारमा वास्तविक किसान लाभान्वित हुन सकेको छैन । कृषिक्षेत्रमा दिइने सरकारी अनुदान जो खेती गर्दछन् तिनलाई दिइँदैन, जो खेती गर्दैन उसैले राजनीतिक पहजका आधारमा पाउने प्रचलन अझै छ । कृषकले समयमा न त रासायनिक मल पाउँछन्, न त उन्नत बीउ पाउँछन् । माटोसुहाउँदो बीउ उत्पादन तथा अनुसन्धान नहुनाले धान बालीबाट पर्याप्त आम्दानी नहुने र लगाएको बालीमा फसल नलागेको दृष्टान्त प्रशस्त देख्न पाइन्छ ।

# कोरोनाबाट विश्वभर १३ हजारको मृत्यु, ३ लाख बढी संक्रमित



**जेनेभा/एजेन्सी–** महामारीको रुप लिएको कोरोनाभाइरसको सङ्क्रमणबाट आइतबारसम्म विश्वभर १३ हजार ६९ जनाको मृत्यु भएको छ । विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार विश्वभर तीन लाख ८ हजार व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् ।

सङ्क्रमित व्यक्तिमध्ये ९५ हजार ८२९ जना उपचारपछि घर फर्किएका छन् । चीनको हुबे प्रान्तको उहान शहरबाट सुरु भएको कोभिड-१९ लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को संज्ञा दिएको छ ।

हाल कोरोनाभाइरसका कारण अत्यन्त भयावह अवस्थाको सामना गरिरहेको इटालीमा चार हजार ८२५ जनाको मृत्यु भइसकेको छ । बुढ्यौली जनसङ्ख्या बढी रहेको इटालीमा दैनिक मृत्युदर निकै कहालीलाग्दो अवस्थामा रहेको छ । शनिबार एकै दिन इटालीमा ७९३ जनाको मृत्यु भएको थियो । हाल ४२ हजार ६८१ जना सङ्क्रमित रहेको इटालीमा ६ हजार व्यक्ति उपचारपछि घर फर्किएका छन् ।

इटालीका प्रधानमन्त्री जिसेप कोन्टेले शनिबार राति टेलिभिजनबाट सम्बोधन गर्दै अत्यावश्यक बाहेकका सबै कलकारखाना बन्द गर्न आदेश दिनु भएको छ । करिब ६ करोड जनसंख्या रहेको इटालीमा कोरोनाभाइरसका कारण अहिले युरोपमै सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

कोरोनाभाइरस सङ्क्रमणबाट चीनभरी तीन हजार २६१ जनाको मृत्यु भएको छ भने ८१ हजार जना सङ्क्रमित भएका थिए । तर चीनमा ७२ हजार ४४० जना निको भएका थिए । चीनले अपनाएको उच्चतम सतर्कता, हुबे प्रान्तको राजधानी उहानसहित प्रान्तभर आवतजावतमा गरिएको प्रतिबन्ध, तत्काल उपचारसमेतका आपतकालीन व्यवस्थाले सङ्क्रमित व्यक्तिको मृत्युदर कम रहेको मानिएको छ ।

मध्यपूर्वका राष्ट्रमध्ये इरानमा कोरोनाभाइरसको सङ्क्रमण सबैभन्दा डरलाग्दो अवस्थामा छ । यहाँ कोरोनाकै कारण एक हजार ५५६ व्यक्तिको मृत्यु भइसकेको छ भने ११ हजार ४१५ जना सङ्क्रमित रहेका छन् । सात हजार ६०० जना उपचारपछि घर फर्किएका बताइएको छ ।

स्पेनमा कोरोनाभाइरसको सङ्क्रमणका कारण एक हजार ३८१ जनाको मृत्यु भएको छ । हाल २१ हजार ९९० जना सङ्क्रमित रहेका छन् । जर्मनीमा ८४ जनाको मृत्यु भएको छ भने २२ हजार सङ्क्रमित रहेका छन् ।

संयुक्तराज्य अमेरिकामा ३४८ जनाको मृत्यु भएको छ । हाल अमेरिकामा २६ हजार सङ्क्रमित रहेका छन् भने १७८ जनाको उपचार गरिएको छ । फ्रान्समा ५६२ जनाको मृत्यु भएको छ । हाल १२ हजार ३०० भन्दा बढी व्यक्ति सङ्क्रमित रहेका छन् । दक्षिण कोरियामा १०४ जनाको मृत्यु भइसकेको छ भने ५ हजार ८८४ जनामा अझै पनि सङ्क्रमण छ ।

कोरोनाभाइरस सङ्क्रमणका कारण स्वीजरल्याण्डमा ८० जना, बेलायतमा २३३ जना, नेदरल्याण्ड्समा १३६ जना, बेल्जियममा ६७ जना र जापानमा ३६ जनाको मृत्यु भएको छ ।

भारतमा हालसम्म कम्तीमा ३३२ जनामा कोरोनाभाइरसको सङ्क्रमण देखिएको छ । छ जनाको मृत्यु भइसकेको भारतमा मोदी सरकारले आइतबार एक दिन "जनता कर्फ्यु" लागू गर्न र घरबाहिर ननिस्कन आह्वान गरेको छ । दक्षिण एसियाली अन्य मुलुक श्रीलङ्कामा ७७, अफगानिस्तानमा २४, बङ्गलादेशमा २४, माल्दिभ्समा १३ र भुटानमा दुई जना सङ्क्रमित देखिएका छन् ।

विश्वका ३५ देशमा महामारी रोकथामका लागि भन्दै "लकडाउन" घोषणा गरिएको छ । एक अनुमान अनुसार लकडाउनकै कारण विश्वभर एक अर्बभन्दा बढी मानिस घरभित्रै बस्न बाध्य भएका छन् । उद्योग, व्यापार व्यवसाय र यात्राका कार्यक्रमहरु रोकिएका छन् भने धेरै मुलुकले आफ्ना सीमा बन्द गरेका छन् ।

कोरानाभाइरसको त्रासका कारण अर्थव्यवस्थामा परेको असर ) मगर्न सरकारहरुले अर्बौं डलरका आर्थिक राहतका कार्यक्रम घोषणा गरेका छन् ।

# अमेरिकी उपराष्ट्रपतिमा कोरोना सङ्क्रमण देखिएन



**वासिङ्टन/एजेन्सी–** अमेरिकी उपराष्ट्रपति माइक पेन्स र उहाँकी पत्नीलाई कोरोनाभाइरस सङ्क्रमण नदेखिएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।

उपराष्ट्रपतिको सचिवायले एक ट्वीट गर्दै उपराष्ट्रपति पेन्स र उनकी पत्नी कारेन पेन्स दुवैको स्वास्थ्य परीक्षण गर्दा कोविड-१९ को सङ्क्रमण नदेखिएको जानकारी दिएको हो ।

यसअघि उपराष्ट्रपति पेन्सले आफ्नो कार्यालयमा कार्यरत एक कर्मचारीमा भाइरसको सङ्क्रमण देखिएपछि स्वास्थ्य परीक्षण गर्ने बताएका थिए ।

# भारतमा एकदिने जनता कर्फ्यू



**नयाँ दिल्ली/एजेन्सी–** भारतमा आइतबार जनता कर्फ्यु लागू गरिएको छ । विश्वभरी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसको सङ्क्रमण थप फैलिन नदिनका लागि भन्दै भारतमा आइतबार कर्फ्यु लगाइएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको आह्वानमा भएको जनता कर्फ्यु १४ घण्टा मात्रै भएको अधिकारीहरुले जनाएका छन् । जनता कर्फ्युबाट एक अर्ब भन्दा धेरै मानिस प्रभावित भएको उनीहरुको भनाइ छ ।

स्थानीय समय अनुसार बिहान ७ बजेदेखि बेलुका ९ बजेसम्म कर्फ्यु लागू हुने जनाइएको छ । सामाजिक सञ्जाल ट्वीटरमा प्रधामन्त्री मोदीले जनता कर्फ्युलाई पालना गर्न र कोरोनाविरुद्धको लडाइँमा एकजुट हुन आह्वान गरेका छन् । उनले आजका लागि जनता कर्फ्यु लगाउन अघिल्लो हप्ता नै आह्वान गर्नु भएको थियो । यो जनता कर्फ्युबाट भाइरस विरुद्ध लड्ने भारतीय क्षमता परीक्षण हुने उनको भनाइ छ ।

जनता कर्फ्युमा सबै जनता आफ्नै घरभित्र बस्ने र बाहिर ननिस्कने व्यवस्था गरिएको छ । जनता कर्फ्युका कारण भारतमा आइतबार आवश्यक सामग्री बेच्ने बाहेक सबै पसल, यातायातका साधनलगायत बन्द भएका छन् भने बजार सुनसान रहेका छन् । भारतका कतिपय स्थानमा यसअघि नै लामो समयका लागि बन्द घोषणा गरिएको छ ।

यसैबीच, भारतमा कोरोना भाइरस (कोभिड(१९) को संक्रमणबाट मृत्यु हुनेको संख्या ७ पुगेको छ । गुजरातमा आइतबार दिउँसो एक ६७ वर्षीय वृद्धको मृत्यु भएसँगै भारतमा (कोभिड-१९) बाट मृत्यु हुनेको संख्या ७ पुगेको हो ।

कोरोना संक्रमित वृद्धको एक निजी अस्पतालमा उपचारको क्रममा आइतबार मृत्यु भएको हो । पहिलेदेखिनै मिर्गौला र दमका रोगबाट ग्रस्त उनीमा कोरोना संक्रमण रहेको पुष्टि भएको थियो । गुजरातमा मृत्यु हुने उनी पहिलो र भारतमा सातौं बिरामी हुन् ।

कोरोनाबाट संक्रमित उनी रेलमार्फत दिल्ली, जयपुर हुँदै गुजरातको सूरत आएका थिए । भारतीय सञ्चारमाध्यमका अनुसार गुजरातमा पहिलो कोरोना पोजिटिभ केस गुजरातको सूरतबाट नै आएको थियो र पहिलो मृत्यु पनि सुरतमा नै भयो ।

यस्तै, बिहारको राजधानी शहर पटनाको एम्स अस्पतालमा कतारबाट फर्किएका सैफ अली नाम गरेका ३८ वर्षीय पुरुषको ज्यान गएको छ । कोरोना संक्रमणबाट बिहारमा मृत्यु हुने उनी पहिलो व्यक्ति हुन् ।

दुवै मिर्गौला काम नलाग्ने भएका उनको शनिबार बिहान मृत्यु भएको थियो । उनमा कोरोना भाइरसको संक्रमण रहेको पुष्टि भएको थियो । भारतमा आइतबार जनता कर्फ्यू घोषणा गरी सर्वसाधारणलाई घर बाहिर ननिस्कन आग्रह गरिएको छ भने अहिलेसम्म ३४१ जना कोरोना संक्रमित भेटिएका छन् ।

# अस्ट्रेलिया सरकारद्वारा ४० अर्ब डलरको राहत घोषणा



**सिड्नी/एजेन्सी–** अस्ट्रेलिया सरकारले कोरोनाभाइरसको महामारीबाट भएको आर्थिक क्षतिलाई न्यूनीकरण गर्न ३८ अर्ब अमेरिकी डलरको राहत योजना सार्वजनिक गरेको छ । सरकारले भाइरस फैलिन नदिन आमनागरिकलाई देशभित्रै गरिने यात्रा र घुमफिरलाई पनि केही समय रद्द गर्न आग्रह गरेको छ ।

अस्ट्रेलियाका अर्थमन्त्री जस फाइडेनबर्गले आइतबार घोषणा गरिएको ६६ अर्ब अस्ट्रेलियन डलर समेत कूल एक खर्ब ८९ अर्ब अस्ट्रेलियन डलर मुलुकको अर्थव्यवस्था सुधारका लागि खर्च गरिने बताए । यो रकम कूल गार्हस्थ्य उत्पादनको करिब १० प्रतिशत हो । क्यान्बेरामा पत्रकारहरुसँग कुरा गर्दै अर्थमन्त्री फाइडेनबर्गले यो विशिष्ट परिस्थितिलाई सम्बोधन गर्न यस्तै विशिष्ट कदम चाल्नुको विकल्प नरहेको बताए ।

उनले पछिल्लो राहत घोषणाले लाखौं अस्ट्रेलियाली नागरिकमा आशाको सञ्चार गराउने विश्वास व्यक्त गरे । सरकारको योजना अनुसार साना व्यवसाय र गैर नाफामूलक संस्थाहरुले एक लाख अस्ट्रेलियाली डलरसम्म अनुदान प्राप्त गर्नेछन् भने बेरोजगारको भत्तालाई दोब्बर बनाइने तथा निवृत्तिभरण प्राप्त गर्नेहरुलाई थप ७५० अस्ट्रेलियाली डलर नगद दिइनेछ ।

अर्थमन्त्री फ्राइडेनबर्गले आर्थिक क्षति १० दिनअघि सोचिए भन्दा निकै व्यापक रहेको पनि बताए । कोरोनाभाइरसका कारण मुलुकको अर्थव्यवस्था विगत २९ वर्षदेखिको लगातार प्रगतिपश्चात पहिलो पटक मन्दीको अवस्थामा पुग्ने खतरा रहेको छ ।

अस्ट्रेलियामा कोरोनाभाइरसबाट सङ्क्रमित व्यक्तिको सङ्ख्या १३०० पुगेको छ भने सात जनाको मृत्यु भएको छ । अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मरिसनले भाइरस प्रसार हुन नदिन अन्तर्राष्ट्रिय हवाई उडानमा प्रतिबन्ध लगाउनुका साथै गैरअस्ट्रेलियालीलाई देश प्रवेशमा रोक लगाएका छन् ।

# क्रोएसियामा भूकम्पबाट क्षति



**जाग्रेब/एजेन्सी–** पूर्वीयुरोपेली मुलुक क्रोएसियाको राजधानी जाग्रेबमा आइतबार बिहान ५.३ म्याग्नीच्यूडको भूकम्प गएको छ । भूकम्पबाट केही भवनहरु भत्किनुका साथै विद्युतका पोलहरुमा क्षति पुगेको छ ।

युरोपेली भूगर्भ केन्द्र (सीसेम) का अनुसार आइतबार बिहान ६ बजे गएको भूकम्प निकै शक्तिशाली रहेको र त्रसित राजधानीबासीहरु दौडिएर सडकमा भेला भएका थिए । भूकम्पको केन्द्रविन्दु जमिनको सतहबाट केवल ७ किलोमिटरमुनि मात्र रहेको थियो ।

सिसेमले एक घण्टापछि पुनः ५ म्याग्नीच्यूडको परकम्प गएको जनाएको छ । तर भूकम्पबाट मानिसको मृत्यु भएको विवरण प्राप्त भइनसकेको स्थानीय प्रहरीले जनाएको छ । कोरोनाभाइरसबाट जनजीवन त्रसित भइरहेकै समयमा भूकम्पले थप पीडा दिएको छ ।

# अफगानिस्तान भिडन्तमा २८ जनाको मृत्यु



**कुन्दुज/एजेन्सी–** अफगानिस्तानमा आइतबार भएको झडपमा परी कम्तीमा २८ जनाको मृत्यु भएको छ । मृत्यु भएकामध्ये चार जना सुरक्षाकर्मी र २४ जना लडाकू रहेको अधिकारीहरुले जनाएका छन् ।

देशको उत्तरी कुन्दुज प्रान्तमा भएको घटनामा परी अरु २६ जना घाइते भएको प्रान्तीय सरकारका प्रवक्ताले जानकारी दिएका छन् । प्रवक्ता इश्मातुल्लाह मुरादीले सिन्ह्वालाई बताए अनुसार तालिबान लडाकूले सुरक्षाचौकीमा आक्रमण गरेका थिए ।

देशको कुन्दुजसँग जोडिएको छिमेकी प्रान्त बाघलान र ताखामा पनि भिडन्तका घटना धेरै हुने गरेका छन् । गत फेब्रुअरीको अन्त्यतिर अमेरिका र तालिबान लडाकू समूहबीच शान्ति सम्झौता भए पनि अफगानिस्तानमा हिंसात्मक घटना रोकिएका छैनन् ।

खासगरी अफगानिस्तानका जेलमा बन्दी रहेका तालिबान समूहका पाँच हजार लडाकूलाई बिनाशर्त मुक्त गर्न अफगान राष्ट्रपति अस्रफ घानी सहमत नभए पछि पुनः हिंसात्मक झडप जारी रहेका छन् ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७६/१२/१० गते

श्री मासपखाल्ने सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-३, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (ए) ग्रेड साल गोलिया काठ १७ थान २०१.५२ क्यू.फिट, (बी) ग्रेड साल गोलिया काठ १६ थान १२१.२७ क्यु.फिट, (सि) ग्रेड साल गोलिया काठ २८ थान १३२.३३ क्यू.फिट गरी साल गोलिया काठ कुल ६१ थान ४५५.१२ क्यू.फिट काठ जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस श्री मासपखाल्ने सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-३, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री मासपखाल्ने सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.-३, सुर्खेत**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७४/०७/१४ मा दर्ता भएको **प्रा.लि. नं. १७७२११** को **हिलटावन ट्राभल्स एण्ड टुर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७२/१२/०१ मा दर्ता भएको **प्रा.लि. नं. १४६४४४** को **हिना स्टोर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**AMPERE ELECTRIC SCOOTERS BY GREAVES COTTON LIMITED**
Max. Retail Price lists of Ampere Electric Scooters:

| MAKE | MODEL | MRSP (NRS) |
| --- | --- | --- |
| AMPERE | ZEAL | 2,82,200.00 |
| AMPERE | REO-LI | 1,91,000.00 |

**BORGWARD SUV FROM GO BREMEN SDN.BHD. MALAYSIA**
Max. Retail Price lists of BORGWARD SUV

| MAKE | MODEL | MRSP (NRS) |
| --- | --- | --- |
| BORGWARD | BX5 1.4T 2WD | 93,78,500.00 |
| BORGWARD | BX5 2.0T AWD | 1,25,77,500.00 |

**DISTRIBUTOR: DSM GLOBAL COMPANY PVT. LTD.**
NAYA BAZAR-16, VALLEY COMPLEX, KATHMANDU NEPAL
CONTACT: 01-4353166
Email: mailtodsmglobal@gmail.com

## कतारमा वैदेशिक रोजगार | कम्पनी: MY DREAM LEMOUSINE शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/२७ चलानी नं.: ६०१५३२०४ LT. No.: 234638 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १७ गते (30 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**R.P. International Consultancy P. Ltd.**
श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gmail.com, Web.: www.rpinternational.com.np

# बक्स अफिस समाचार

# कोरोना भाइरसबारे कलाकारको जनचेतना

**काठमाडौं/मस-** कोरोना भाइरसको संक्रमणले पूरा विश्व आतंकित बनेको छ। एक लाख भन्दा बढी मानिस यो भाइरसबाट संक्रमित भइसकेका छन्। भने १२ हजार भन्दा बढी मानिसको ज्यान गइसकेको छ।

नेपालमा हालसम्म कोरोनाबाट मृत्यु नभए पनि जो कोही पनि यसबाट त्रसित बनेका छन्। लाखौ काठमाडौंबासी आफ्नो गाउँ फर्किएका छन्।

कोरोनाको प्रभाव चलचित्र क्षेत्रमा पनि परेको छ। हल बन्द भएका छन् भने छायांकनमा रहेका चलचित्रको छायांकन पनि रोकिएका छन्।

कलाकारहरुले कोरोनाको विषयमा विशेष सचेतना फैलाउन सक्रिय बनेका छन्। कलाकारहरुले कोरोनाबाट सुरक्षित रहनको लागि भिडियो सन्देश बनाएर सामाजिक संजालमान पोष्ट गरिरहेका छन्। राजेश हमालदेखि वर्षा सिवाकोटीसम्मले आफ्ना शुभचिन्तकको लागि भिडियो सन्देश बनाएका छन्।

राजेश हमालले लाइभ गर्दै कोरोनाबाट बच्नको लागि सतर्कता अपनाउनु बाहेक अन्य कुनै उपाय नभएको बताए। कोरोनाको औषधी पत्ता नलागेकोले सबै जनाले सतर्कता अपनाएर बस्नुपर्ने उनको भनाई छ।

राजेशले कोरोनाको कारण आफ्नो दैनिकी परिवर्तन भएको बताए। उनले भने, 'अहिले म पूर्ण रुपमा घरमा नै बसिरहेको छु। कुनै पनि कार्यक्रमहरुमा गइरहेको छैन। र, तपाईहरु काममा जादाँ वा केनमेल गर्न जादाँ विषेश सावधानी अपनाउनु होला। सरसफाईमा विशेष ध्यान दिनुहोला।'





राजेशले हातको काम निकै हुने भएकाले हात निरन्तर धुनुपर्ने र हात मिलाउने वा अंकमाल गर्ने काम रोक्दै आफ्नै संस्कारको 'नमस्कार' लाई प्राथमिकता दिन सुझाव दिए।

त्यस्तै, नायिका रेखा थापाले पनि कोरोनाबाट बच्नको लागि आफू नै सचेत हुनुपर्ने बोलेकी छिन्। उनले भिडियो सन्देशमा भनेकी छिन्, 'कोरोनासँग बच्ने मुख्य आधार भनेको सावधानी हो। हामीले यो समय सरकारले दिएको आदेशलाई स्विकार गर्दै त्यसलाई पालना गरियो भने हामी सुरक्षित हुन सक्छौं।'

रेखाले सामाजिक संजालमा आइरहेका भ्रमक समचारहरुबाट आतंकित नहुन समेत आग्रह गरेकी छिन्। उनले भनेकी छिन्, 'सामाजिक संजालमा अहिले निकै भ्रमक समचारहरु आइरहेका छन्। त्यसबाट तपाई आतंकित नहुनु होला। र, तपाईले अरुलाई पनि आतंकित नबनाउनु होला।'

त्यस्तै निर्माता तथा अभिनेता दीपकराज गिरी पनि कोरोनाबाट बच्नको लागि आफू सर्तक रही सरसफाईलाई नै विशेष ध्यान दिनुपर्नेमा जोड दिए। अहिलेको समय हरेकलाई अवसर भएको उनको भनाइ छ। आइतबार बिहान फेसबुक लाइभ गर्दै उनले भने, 'हामी कामको शिलशिलामा परिवारबाट निकै टाढा भएका हुन्छौं। परिवारलाई समय दिन भ्याएका पनि हुदैनौं। यो समय आफ्नो परिवारलाई दिनुस्। परिवारसँग सुरक्षित भएर बस्नुस।'

त्यस्तै निर्देशक दीपाश्री निरौलाले २० देखि ३० सेकेन्डसम्म मज्जाले हात धुन, घरबाट निस्किदा र घर फर्केपछि स्यानेटाइजरको प्रयोग गर्न, मास्क लगाउन र भरसक भिडभाडमा नजान आग्रह गरेकी छिन्।

भिडियो सन्देश बनाउदै दीपाश्रीले भनेकी छिन्, 'सबै जना आफु जोगिएर अरुलाई पनि जोगाउनको लागि प्रयत्न गरौं। हाम्रो यो नेपालको 'नमस्कार'को संस्कारलाई जोड दिऔं।'

नायिका केकी अधिकारी, स्वस्तिमा खड्का, वर्षा सिवाकोटी, अनु शाह, संगीतकार अर्जुन पोखरेल लगायतले पनि सर्तक रहन र सुरक्षित बस्न अनुरोध गर्दै भिडियो पोष्ट गरेका छन्।

# 'सक्किगोनी' को प्रशारण रोकियो




**काठमाडौं/मस-** हाँस्य टेलिसिरियल 'सक्किगोनी' को प्रशारण बन्द भएको छ। कोरोना भाइरसको त्रासका कारण छायांकनको काम नसकिएपछि केही साताको लागि सिरियलको प्रशारण स्थगन गरिएको निर्माण पक्षले जनाएको छ।

सक्किगोनीका निर्देशक अर्जुन घिमिरे 'पाँडे' ले सरकारले गरेको आह्वानलाई आत्मासाथ गर्दै छायांकन रोकिएको बताए। सरकारबाट अर्को सुचना नआएसम्म सक्किगोनीको प्रशारण बन्द हुने अर्जुनको भनाई छ।

सिरियलको प्रशारण रोकिँदा दर्शकदीर्घामा पर्न गएको असरमा निर्माण पक्षले क्षमायाचना गरेको छ। अर्जुनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'आजको समयमा स्वास्थ नै हाम्रो प्रमुख प्राथमिकतामा रहेको हुँदा हाम्रा सम्पुर्ण आदरणीय दर्शकहरुलाई सुरक्षित र सजग रही धैर्यवान रहनुहुन अनुरोध गर्दै सु(स्वास्थ्यको कामना गर्दछौं। परिस्थिति सामान्य हुनासाथ हामी पुनः नियमित भागहरु लिएर आउनेछौं।' छायांकन रोकिएपछि अहिले सम्पूर्ण युनिट सेल्फ क्वारेन्टाइनमा बस्न थालेको छ।

# 'के घर के डेरा' को छायांकन सऱ्यो

**काठमाडौं/मस-** चैत्र दोश्रो साताबाट छायांकनमा जाने तयारीमा रहेको चलचित्र 'के घर के डेरा' को छायांकन पोस्टपोन्ड भएको छ। कोरोना भाइरसका कारण सरकारले फिल्मी गतिविधि रोक्न आह्वान गरेपछि सतर्कता अपनाउँदै अवस्था सामान्य नभएसम्मका लागि छायांकन रोकिएको निर्देशक सुब्रतराज आचार्यले जानकारी दिए।




फिल्मका कार्यकारी निर्माता ताक्पा तामाङ (सिंगे लामा) ले स्वास्थ्य पहिलो प्राथमिकता भएका कारण छायांकन पछाडि सारेको बताए। फिल्म यूनिटले महामारीको रुपमा विश्वभर फैलिएको कोरोना भाइरसबाट बच्न बिशेष सतर्कता र सावधानी अपनाउन सम्पूर्ण नेपालीमा अपिल समेत गरेको छ।

३५ वर्षअघिको प्रदीप रिमाल निर्देशित फिल्म 'के घर के डेरा' नाम सापटी लिएर यो फिल्म बनाउन लागिएको हो। फिल्ममा भर्सटायल अभिनेताद्वय दयाहाङ राई र विपिन कार्कीको अभिनय रहनेछ। शुभ लाभ फिल्मस् र ए प्लस इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने फिल्ममा अभिनेत्री वर्षा राउतको पनि अभिनय रहनेछ।

काठमाडौंमा कोठा भाडामा लिएर बस्नेहरुको कथामा निर्माण हुने फिल्मलाई दिर्घ वीर गुरुङले खिच्दैछन्।

# कोरोना संक्रमित कनिका टाउको दुखाई बनिन्

**भारतीय/एजेन्सी-** भारतीय गायिका कनिका कपुरको कारण धेरै कोरोना संक्रमण हुने खतरा बढेको छ। संक्रमित कनिकाले लखनऊको एक ठुलो होटलमा पार्टी दिएकी थिइन्। त्यसैले उनीबाट धेरैलाई संक्रमण सरेको हुनसक्ने अनुमान गरिएको छ।

गायिका कनिकामा कोरोनाको संक्रमण देखिएपछि संजय गान्धी पीजीआई अस्पतालमा भर्ना गरिएको थियो। अहिले कनिका उक्त होटलको लागि टाउको दुखाइको कारण बनेकी छिन्।



अस्पतालले एक विज्ञप्ती जारी गर्दै कनिकाले दुःख दिएको उल्लेख गरेको छ।

कनिकालाई अस्पतालमा उच्च स्तरिय बेड उपलब्ध गराइएको थियो। त्यहाँ 'एटेच बाथरुम' पनि थियो। तर, त्यहाँ उनले बिरामीको भन्दा पनि एक स्टारको जस्तै व्यावहार गरेको अस्पतालको गुनासो छ।

अस्पतालका निर्देशक आरके धिमानले उनलाई निकै राम्रो सेवा दिइरहेको भए पनि विभिन्न कुरा नभएको गुनासो गरिरहेको बताए। 'हामीले उनको बेड निकै उच्च स्तरिय छ। जहाँ टिभी पनि राखिएको छ। हामीले उनको सरसफाईमा पनि विशेष ध्यान दिइरहेका छौं।' धिमानले भने।

उनले थपे, 'पहिला उनले आफ्नै घरबाट खाना ल्याएर खाने माग गरेकी थिइन्। जुन उपचारको क्रममा सम्भव थिएन। उनको माग अनुसार नै हामीले 'ग्लुटन फ्रि' खानेकुरा खुवाइरहेका छौं। किचनमा त्यो खाना छुट्टै बनाउछौं। उनले यहाँ बुझ्नु पर्ने कुरा भनेको उनी यहाँ बिरामी हुन्, कोही स्टार हैनन्।'

गायिका कनिकाले अस्पतालले आफूलाई अपराधीको जस्तै व्यवहार गरेको भन्दै आरोप लगाएकी थिइन्। त्यसैले पनि अस्पतालले प्रेस विज्ञप्ती जारी गर्दै कनिकाको व्यवहार प्रष्ट्याएको हो।

# थर्ड आई टिमको अवार्ड कार्यक्रम रोकियो




**काठमाडौं/मस-** विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण लण्डनमा हुने भनिएको थर्ड आई टिमको अवार्ड कार्यक्रम अनिश्चितकालका लागि स्थगित भएको छ। थर्ड आई टिमले मे २४, २०२० (जेठ ११) मा लण्डनमा आयोजना गर्न लागेको मनोरञ्जन, खेल, पत्रकारिता, साहित्य र लाइफटाइम अचिभमेन्ट विधाको अवार्ड केही समयका लागि पछाडि सारिएको हो।

अवार्डमा सहभागी हुन नेपालबाट केही कलाकारहरु लण्डन पुग्ने तयारीमा थिए। यो अवार्डले नेपाल सरकारको पर्यटन प्रवर्द्धन अभियान 'भिजिट नेपाल २०२०' लाई पनि सघाउने आयोजक टिमको विश्वास थियो। तर, कोभिड-१९ का कारण सरकारले भिजिट नेपाल कार्यक्रम समेत स्थगित गरिसकेको छ। लण्डनमा पनि कोरोनाको त्रास भएका कारण अवार्ड स्थगित गरिएको हो।

यसअघि १०औं 'बक्सअफिस अवार्ड २०१७' सम्पन्न गरेको थर्ड आई टिमले लण्डनमा फिल्म प्रदर्शनदेखि सांस्कृतिक कार्यक्रमहरु आयोजना गर्दै आएको छ। अवस्था सामान्य बनेपछि अवार्ड आयोजना गरिने थर्ड आईका विकास देवकोटाले बताए। सम्बन्धित क्षेत्रको श्रीवृद्धि र सो क्षेत्रलाई विश्वले हेर्ने दृष्टिकोण सकरात्मक होस् भन्नका लागि अवार्ड गर्न लागिएको उनको भनाई छ।

# '२ नम्बरी'को छायांकन स्थगित


**काठमाडौं/मस-** नेपाली कथानक चलचित्र '२ नम्बरी'को छायांकन स्थगित भएको छ। पोखरा आसपासका क्षेत्रमा फागुन २९ गतेबाट छायांकन सुरु भएको चलचित्रको सुटिङ आजबाट स्थगित गरिएको हो।



३५ दिनको सेड्युल तयार पारेर सुरु गरिएको चलचित्रको छायांकन कोरोना भाइरसको जोखिमका कारण स्थसगित गरिएको हो। अवस्था सामान्य भएपछि बाँकी छायांकन गरिने निर्देशक दीपेन्द्र लामाले जानकारी दिएका छन्। चलचित्र निर्माता संघले कोरोना भाइरसका कारण तत्काल चलचित्र छायांकन नगर्न भने पनि '२ नम्बरी'ले छायांकन सुरु गरेको थियो। संघले निर्माताहरुसँग छलफल नगरी निर्णय गरेकाले उसको आग्रह मान्ने पर्ने वाध्यता नरहेको बताउँदै निर्देशक लामाले छायांकन सुरु गरेका थिए।

'२ नम्बरी'मा भुटानी अभिनेत्री उगेन छोदेनले अभिनेता दयाहाङ राईसँग स्क्रिन सेयर गर्दैछिन्। उनले चलचित्रमा भुटानी नागरिकको भूमिका निर्वाह गर्नेछिन्।

# गायक ढकालको आग्रह



**काठमाडौं/मस-** गायक रामकृष्ण ढकालले कोरोना भाइरसको संक्रमणको जोखिमबाट बच्न सरकारले गरेको आग्रहलाई अक्षरस पालना गर्न आग्रह गरेका छन्। सरकारले नागरिकको स्वास्थ्यका लागि सावधानी अपनाउन गरेको आग्रहलाई सबैले पालना गर्नुपर्नेमा उनको जोड छ।

सानो लापरवाहीले जिन्दगी नै संकटमा पर्नसक्ने भन्दै सम्भावित जोखिमबाछ होसियार हुन उनले भनेका छन्। 'सानो लापरबाहीले ठूलो रोग सर्न सक्छ,' ढकाल आफ्नो फेसबुक पेजमा लेख्छन्, 'फूल जस्तो हाम्रो जीवन, ओइलिएर झर्न सक्छ, कोरोना भाइरस बाट सुरक्षित रहौं।'

आफू बचौं र अरुलाई पनि बचाउँ भन्दै उनले भीडभाडमा नजान भन्दै घरमै बसेर रोगप्रतिरोधात्मक क्षमता बढाउने तातो तथा तागतिलो खाना खान पनि आग्रह गरेका छन्। उनले फुर्सदको समय घरमै बसेर गीतसंगीत सुनेर बिताउन पनि अनुरोध गरेका छन्।

# कान्स फेस्टिबल जुन, जुलाईमा हुन सक्ने सम्भावना

**काठमाडौं/एजेन्सी-** मे १२ देखि २३ सम्म हुने भनिएको यो वर्षको कान्स फिल्म फेस्टिबल कोरोनाको महामारीका कारण सारिएको छ। केही साताअघि कान्स फेस्टिबल अध्यक्ष पियरे लेस्चरले एक मिडियासँग कुरा गर्दै यो वर्षको कान्स अवस्था सामान्य भएपछि थाहा हुने बताएका थिए। अन्ततः जुनको अन्तिम वा त जुलाइको पहिलो सातासम्म कान्स फिल्म फेस्टिबल २०२० आयोजना हुने बताइएको छ।




आयोजक टिमले भने, विश्वव्यापी स्वास्थ्य सङ्कटको यस समयमा, हाम्रो ध्यान यो संक्रमणसँग लडिरहेका पीडितहरूमा छ। साथै थपे, आज हामीले केही निर्णय लिएका छौं, फेस्टिबल साविक मिति मे १२ देखि २३ मा नहुने भयो। फेस्टिबल आयोजना गर्नका लागि धेरै विकल्पहरू विचार गरिएका मध्ये जुनको अन्तिम वा जुलाइको सुरुवातमा रहेको छ।

फ्रान्स सरकार र अन्तर्राष्ट्रिय स्वास्थ्य स्थितिले निर्देशन दिने बित्तिकै मिति निर्धारण गर्ने बताए। कोरोनाको संक्रमणबाट बच्न अहिले फ्रान्स सरकारले सय जनाभन्दा बढी व्यक्ति भेला नहुन निर्देशन दिएको छ। कान्स फेस्टिबलको खर्च कान्स बिमामा नपर्ने भएकाले फेस्टिबल रद्द भएबापतको घाटा कान्स आफैंले व्यहोर्नुपर्ने अध्यक्ष लेस्चरले बताए।

# 'फुटबलका संरचना प्रयोग गर' : एन्फा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ चैत



अखिल नेपाल फुटबल संघ (एन्फा) ले आफ्ना भौतिक संरचना आवश्यक पर्दा अस्थाई क्वारेन्टाइन र आइसोलेशनका लागि उपलब्ध गराउने निर्णय गरेको छ ।

विश्व भर महामारीका रुपमा फैलिरहेको कोराना भाइरस (कोभिड १९) को संक्रमणको असर विश्वका १ सय ६५ भन्दा बढी मुलुकमा परेको छ । अहिले सम्म नेपालमा संक्रमित नदेखिए पनि उच्च जोखिममा रहेकाले सतर्कताका लागि सरकारले अव्हान गरिरहेको छ ।

यसै सन्दर्भमा एन्फाले ललितपुरको एन्फा कम्प्लेक्सको होस्टल, बुटवल, धरानमा रहेको फुटबल एकेडेमीको होस्टल तथा रौतहतको निर्माणाधिन महिला फुटबल एकेडेमीलाई सरकार, प्रदेश सरकार वा स्थानिय निकायले आवश्यकता परेको खण्डमा अस्थाई क्वारेन्टाइन र आइशोलेशनका लागि प्रयोग गर्न सक्ने उल्लेख गरेको छ ।

एन्फा प्रवक्ता किरण राईले आइतबार जारी गरेको विज्ञप्तिमा सरकार र विश्व स्वास्थ्य संगठनले गरेको अपिल अनुसार आधारभूत नियम पालना गर्न पनि एन्फाले आग्रह गरेको छ। कोरानो भाइरसले पार्न सक्ने सम्भावित असरलाई ध्यानमा राख्दै एन्फाले पनि आफ्ना सबै गतिविधि स्थगित गरिसकेको छ ।

यसैबीच, राष्ट्रिय खेलकुद परिषद् राखेकाप पूर्व सदस्यसचिव युवराज लामा खेलकुदका संरचनाहरु प्रयोग गर्नुपर्नेमा जोड दिएका थिए । सामाजिक सञ्जाल फेसबुक मार्फत खेलकुदका देशभरी रहेका संरचनाहरु अस्थायी अस्पतालको रुपमा प्रयोग हुन सक्ने लामाले उल्लेख गरेका थिए । २०७२ सालको भूकम्पका बेला पनि प्रयोग गरेको उल्लेख गर्दै यस्तो गर्दा सरकारलाई पनि सजिलो हुने बताएका थिए ।

# सचेत रहन पारसको आग्रह

**काठमाडौं, मस**–नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान पारस खड्काले कोरोना भाइरस (कोभिड १९) विरुद्ध मिलेर अगाडि बढ्न सार्वजनिक अपिल गरेका छन् ।



उनले आइतबार सामाजिक सञ्जाल ट्वीटरमा एक भिडियो सन्देश राख्दै उनले कोरोनाविरुद्ध सचेत हुन अपिल गरेका छन् । खेलाडीका लागि यो निकै कठिन समय भएको उल्लेख गर्दै अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्किन आग्रह गरेका छन् । यस्तै, खड्काले सरकारको निर्णयमा साथ दिन पनि अपिल गरेका छन् । उनले हरेक व्यक्तिले सचेत रहनु पर्ने भिडियो सन्देशमा उल्लेख गरेका छन् । 'अहिलेको परिस्तिथीमा म र क्रिकेट टिमको तर्फबाट सबै जनालाई आग्रह गर्न चाहान्छु कि सबै जना घर बसेर, अत्यावश्यक काम बाहेक बाहिर ननिस्किएर सरकार र सम्बन्धित निकाय सबैलाई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु,' उनले भने, 'अहिले हाम्रो लागि आफैले दायित्व निर्वाह गर्नु पर्छ ।

यस्तो स्थितीमा सबैले आ-आफ्नो स्थानबाट जिम्मेवारी लिने हो भने अहिलेको यो परिस्थितबाट अगाडि बढ्न हामीलाई एकदमै सजिलो हुनेछ । हामी सबै एकसाथ रहौं ।'

# एनसीएसएसद्वारा सेतेलाई आर्थिक सहयोग

**काठमाडौं, मस-** नेपाली क्रिकेट समर्थक समाज (एनसीएसएस) ले त्रिवि क्रिकेट मैदानमा कार्यरत ग्राउन्ड्सम्यान मृगौला रोगबाट पीडित जयबहादुर तामाङ (सेते) लाई आर्थिक सहयोग गरेको छ । एनसिएसएसले अभियान बाट संकलन गरेको ५० हजार रुपैयाँ आइतबार परिवारलाई हस्तान्तरण गरेको हो ।



एनसीएसएसका अध्यक्ष विराज घिमिरे र प्रमुख सल्लाहकार भानु सिक्देलले तामाङकी श्रमती निर्माया तामाङलाई वीर अस्पताल पुगेर रकम हस्तान्तरण गरेका हुन् । झन्डै डेढ देशकदेखि नेपालको एक मात्र अन्तर्राष्ट्रिय क्रिकेट मैदानका ग्राउन्ड्सम्यान तामाङका दुवै मृगौला खराब छन् । उनी फागुन २८ गते देखि वीर अस्पतालमा उपचार गराइरहेका छन् ।

उनलाई सहयोग जुट्ने क्रम जारी छ । शनिबार मात्रै राष्ट्रिय महिला, पुरुष खेलाडी, प्रशिक्षकलगायतबाट संकलन गर्दै क्रिकेट प्लेयर्स एसोसिएसन अफ नेपाल (सिप्यान) ले १ लाख ३३ हजार हस्तान्तरण गरेका थियो । मिर्गौला खराबी सुरुवाती चरणमा रहेकोले एक महिनाको अवधिमा पुनः काम काम गर्न सक्ने सम्भावना रहेको र यदि त्यस्तो नभएको खण्डमा प्रत्यारपण गर्नुपर्ने उपचारमा संलग्न चिकित्सकहरुले उल्लेख गरेको परिवारजनले बताएका छन् ।

कमजोर आर्थिक अवस्था कारण परिवारलाई उपचार गर्न कठिन भइरहेको बताइएको छ । फागुन २३ गते राति टियू मैदानमा सुतिरहेको अवस्थामा पिसाब रोकिएपछि उनलाई मैदानका अन्य कर्मचारीले सानेपास्थित स्टार अस्पताल पु¥याएका थिए । ललितपुरको लेलेमा जन्मिएका उनले २०६१ सालदेखि टियु क्रिकेट मैदानको हेरचाह गर्दै आएका छन् । एनसीएसएका सल्लाहकार सिग्देलले सहयोग जुटाउने क्रम जारी रहेको जानकारी दिए । एनसीएसएसले संस्थागतरुपमै सबैसँग सहयोगको अपिल गरेको पनि बताए ।

# तेक्वान्दोका सबै गतिविधि स्थगन

**काठमाडौं, मस-** कोरोनाको संभावित संक्रमणबाट बच्न नेपाल तेक्वान्दो संघले चैत्र २२ गतेसम्मका लागि सबै गतिविधी बन्द गरेको छ । संघले सूचना जारी गर्दै केन्द्रिय, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्नुका साथै प्रशिक्षण पनि स्थगित गरेको छ । सरकारले कोरोना संक्रमण संभावित सम्भावना देखेर सम्पुर्ण कार्यालयहरु बन्द गर्ने निर्देशन दिएको छ ।

यस्तै राष्ट्रिय खेलकुद परिषद्ले पनि एक साताका लागि कुनै पनि गतिविधी नगर्न भन्दै यसअघि नै निर्देशन दिएको छ । तेक्वान्दो संघले नयाँ सूचना जारी गरेपछि अब ओलम्पिक छनोटको तयारी पनि प्रभावित भएको छ ।

टोकियो ओलम्पिक छनोटका लागि यतिबेला तेक्वान्दोका खेलाडीहरु बन्द प्रशिक्षणमा रहेका थिए ।

# रियल मड्रिडका पूर्व अध्यक्षको निधन



**काठमाडौं, एजेन्सी-** कोरोना भाइरस (कोभिड-१९)बाट स्पेनिस क्लब रियल मड्रिडका पूर्वअध्यक्ष लोरेन्जो सान्जको निधन भएको छ । कोरोना भाइरसको संक्रमण देखिएपछि अस्पताल भर्ना गरिएका सान्जको शनिबार राति निधन भएको परिवारले जनाएको छ । ७६ वर्से सान्ज सन् १९९५ बाट २००० सम्म बर्नाबेउमा अध्यक्ष थिए । त्यसअवधिमा रियल मड्रिडले दुईपटक च्याम्पियन्स लिग जितेको थियो ।

'मेरो बुबा रहनुभएन,' सान्जका छोराले सामाजिक सञ्जाल ट्विटरमा लेखेका छन्, 'उहाँ एक राम्रो, प्रेरक र मेहेनती मानिस हुनुहुन्थ्यो । तर, यस्तो निधन उहाँका लागि योग्य भएन । बुवाको मृत्युले हाम्रो परिवार र रियल मड्रिडलाई मर्माहत बनाएको छ ।'

३३ पटकको स्पेनिस लिग विजेता रियलका लागि सान्जले राबर्टो कार्लोस, क्लियरेन्स सिडोर्फ, डेभर बुकेरजस्ता खेलाडीलाई अनुबन्धन गरेका थिए । उनले सन् २००० को चुनावमा फ्लोरेन्टिनो पेरेजसँग हार बेहोरेपछि रियल मड्रिडबाट बाहिरिएका थिए । उनका छोरा फर्नान्डोले रियलमा चार सिजन खेलेका थिए ।

# ओलम्पिक सार्न अमेरिका र बेलायतको आग्रह



**काठमाडौं, एजेन्सी-** अमेरीकी ट्र्याक एण्ड फिल्ड (यूएसएटीएफ) ले टोकियो ओलम्पिक सार्नका लागि प्रस्ताव गरेका छन । कोरोना भाइरसका कारण यतिबेला अमेरीकाका सबै प्रदेशमा ठुलो त्रास बढिरहेका बेला अमेरीकी ट्र्याक एण्ड फिल्डले टोकियो ओलम्पिक सार्नका लागि प्रस्ताव गरेको हो ।

यूएसएटीएफले अमेरीकी ओलम्पिक र पारा ओलम्पिक कमिटीलाई टोकियो ओलम्पिक सार्नका लागि प्रस्ताव गर्न आग्रह गरेको छ । जुलाई २४ देखि अगष्ट नौ तारिखसम्म हुने प्रतियोगिता सार्नका लागि यतिबेला अरु खेल संघहरुले पनि दबाव दिइरहेका छन ।

यस्तै अमेरीकी पौडी संघले पनि आफ्नो ओलम्पिक कमिटीलाई सन् २०२१ सम्मका लागि सार्न प्रस्ताव गर्न दबाव दिएको छ । विश्व खेलकुदको महाकुम्भ मेला ओलम्पिकमा धेरैजसो समय अमेरीकाको दबदबा रहदै आएको छ ।

तर यता आइओसीले सार्न विषयमा कुनै प्रतिक्रिया जनाएको छैन भने जापानले प्रतियोगिता तोकेकै मितीमा हुने बताउँदै आएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७६/१२/१०

ग्लोवल अनलाइन पे प्रा.लि.को मिति २०७६।११।२० गते बसेको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी ग्लोबल अनलाइन पे इन्टरनेशनल प्रा.लि.(Global Online Pay International Pvt.Ltd) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७६।१२।०४ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०५९/११/३० मा दर्ता भएको **प्रा.लि. नं. २३०४९** को **शान्ता इन्भेष्टमेन्ट्स् प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कतारमा रोजगार** | १. कम्पनी: AL ANDALUS FACTORY FOR CEMENT PRODUCTS शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६५३ L.T. No.: 235197

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 15 | 0 | स. काममा दक्ष | 1900 | ६२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ALAINA ENGINEERING SERVICES WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६५४ L.T. No.: 235198

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 20 | 0 | | 1000 | ३२,९८० | | | | | | | |
| 3. | Driver | 4 | 0 | | 1900 | ६२,६६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १७ गते (30 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9851085526, Email: info.royal1034@Gmail.com

**कतारमा रोजगार** | १. कम्पनी: ALL IMRAN ENGINEERING CONSTRUCTION COMPANY WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६६२ LT. No.: 235221

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 7 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 2 | 0 | | 1100 | ३६,२८० | | | | | | | |
| 3. | Tile Maker | 1 | 0 | | 1100 | ३६,२८० | | | | | | | |

२. कम्पनी: MODERN UNIFORMS PROFESSIONAL TAILORING शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६६३ LT. No.: 235225

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 2 | 0 | स. काममा दक्ष | 1100 | ३६,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ROYAL RED LIMOUSINE शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६६४ LT. No.: 234727

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 1400 | ४६,१७० | | | | | | | |

३. कम्पनी: QATAR SPEED HOUSE WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८४० LT. No.: 232590 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1900 | ६२,६६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १७ गते (30 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Baneshwor-31, Kathmandu, Tel: 4104167, 4104027
E-mail: info@confidentmanpower.com, Web.: confidentmanpower.com

**जस्तो सीप उस्तै रोजगार**

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# आन्तरिकतर्फ हवाईजहाजको भाडा घट्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ चैत



निजी क्षेत्रका वायुसेवा कम्पनीहरुले भटाभट आन्तरिक हवाई उडानको भाडा घटाएका छन । आईतबार दिउँसो आन्तरिक उडानका वायुसेवा प्रदायक कम्पनीले हवाई यात्रुको सहजता र राहतका लागि अधिकतम भाडादार घटाएको घोषणा गरेका हुन् । आईतबार वायुसेवा प्रदायक कम्पनी बुद्ध एयर, श्री एयरलाइन्स, यती एयरलाइन्स, श्री एयरलाइन्सलगायतले छुट्टाछुट्टै विज्ञप्ति निकालेर नयाँ भाडादर सार्वजनिक गरेका हुन् ।

कोरोना भाईरस (कोभिड-१९) को सम्भावित जोखिमलाई नियन्त्रण गर्ने उद्देश्यले सरकारले लामो दूरीका सार्वजनिक यातायात बन्द भएपछि गन्तव्यमा जाने यात्रुको चापलाई ध्यान दिएर भाडादर केही समयका लागि घटाइएको कम्पनीहरुले आफ्ना विज्ञप्तीमा उल्लेख गरेका छन् । कोरोनाको सम्भावित जोखिमलाई मध्यनजर गरी वायुसेवा कम्पनीले मनोमानीरुपमा भाडा घटाउने तथा नयाँ भाडादर कायम गर्न थालेपछि शनिबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले वायुसेवा सञ्चालकसँग छलफल गरी भाडादरमा पुनःविचार गरिदिन आग्रह गरेका थिए ।

पर्यटनमन्त्रीको आग्रहबमोजिम वायुसेवा कम्पनीले नयाँ भाडादर कायम गरेका हुन् । यात्रुको अवस्थालाई ध्यान दिएर हवाई कम्पनीले लामा गन्तव्यको भाडा झण्डै दोब्बर घटाएका छन् । बुद्ध एयरले अहिले काठमाडौंबाट छोटो समयमा धेरै यात्रु उपत्यका बाहिरका गन्तव्यमा जानुपर्ने भएकाले सार्वजनिक यातायात पनि नचलुञ्जेल अधिकतम भाडा घटाइएको जनाएको छ ।

कम्पनीले विज्ञप्ति जारी गर्दै कायम गरेको भाडादरअनुसार काठमाडौंदेखि विराटनगरको रु पाँच हजार ५०० कायम गरिएको छ । यो गन्तव्यका साविक अधिकतम भाडादर रु सात हजार ८७८ थियो । भद्रपुरको साविक नौ हजार ८०० रहेकामा अहिले रु छ हजार २०० निर्धारण गरिएको छ ।

त्यस्तै नेपालगञ्जका लागि रु छ हजार ३०० कायम भएको छ भने पहिला रु १० हजार ६२० थियो । धनगढीको रु १४ हजार १२४ रहेकामा अहिले रु सात हजार ९०० बनाइएको छ । पोखराको रु पाँच हजार २७२ रहेकामा नयाँ भाडादर तीन हजार ७०० कायम गरिएको छ । भैरहवाको पहिला रु छ हजार ७८१ रहेकामा अहिले रु चार हजार ९०० कायम गरिएको छ । साविक रु छ हजार ५४० भाडादर रहेको राजविराजको रु चार हजार २०० निर्धारण गरिएको बुद्धएयरले जनाएको छ । यो भाडादर लामोदूरीको बस सञ्चालनरुपले सञ्चालन नहुँदासम्म लागू गरिने कम्पनीले उल्लेख गरेको छ । कोरोनाको सङ्क्रमणबाट बचने उपाय अपनाउँदै बुद्धले काठमाडौंलगायत सबै स्टेशनबाट यात्रुको तापक्रम मापन, १०० भन्दाबढी तापक्रमका यात्रुलाई सुरक्षित साथ अफलोड तथा भाडा फिर्ता गरिँदै आएको जनाएको छ ।

यस्तै श्री एयरलाइन्सले पनि यात्रुको सहजताका लागि सहुलियत दरमा हवाइजहाज यात्राको व्यवस्था मिलाइएको जनाएको छ । लामो गन्तव्यको महङ्गो भाडामा २५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको कम्पनीका संस्थागत प्रबन्धक अनिल मानन्धरले जानकारी दिए ।

उनले तीन गन्तव्य भरतपुर, जनकपुर र सिमराबाहेकका सबै गन्तव्यमा यस्तो छुटको व्यवस्था गरिएको बताए । श्रीले भद्रपुर रु सात हजार ४००, विराटनगर रु छ हजार १००, जनकपुर रु तीन हजार ३००, सिमरा रु तीन हजार, पोखरा रु तीन हजार ७००, भैरहवा रु चार हजार ९००, नेपालगञ्ज छ हजार २०० र धनगढीमा रु सात हजार ९०० कायम गरेको छ ।

यस्तै निजी क्षेत्रको अग्रणी वायुसेवा कम्पनी यती एयरलाइन्सले पनि हालको हवाई भाडादर हेरफेर गर्ने तयारी गरिएको कम्पनीले उल्लेख गरेको छ । हवाई भाडादर घटाउनेबारे गृहकार्य गरिएको र छिट्टै नयाँ भाडादर सार्वजनिक गरिने कम्पनीले जनाएको छ । आन्तरिक उडानका सौर्य, सीता, सिम्रक, समिटलगायत कम्पनीले पनि यात्रुको सहुलियतका लागि आफ्नो भाडादरमा केही हेरफेर गर्ने तयारी गरेका छन् ।

आईतबारदेखि अन्तरराष्ट्रिय उडान बन्द हुने र आजदेखि लामो दूरीका सार्वजनिक यातायात पनि बन्द हुने भएपछि हवाई यात्रुको चाप बढेको छ । आन्तरिक उडानमा यात्रु बढे पनि व्यवसाय भने सन्तोषजनक नरहेको कम्पनीले जनाएका छन् । विदेशी हवाई यात्रु (डलरयात्री) नभएकाले आन्तरिक उडानमा झण्डै ४० प्रतिशत गिरावट आएको व्यवसायीको भनाइ छ । यता हेलिकप्टर कम्पनीको पनि व्यवसाय चौपट भएको छ । अधिकांश कम्पनीको उडान बन्द हुने स्थितिमा रहेको जनाएका छन् ।

# मोबाइल बैंकिङमार्फत १ लाखसम्मको कारोबार

**काठमाडौं/मस-** नेपाल राष्ट्र बैंकले अब मोबाइलबाटै दैनिक एक लाख रुपैयाँसम्म कारोबार गर्न पाउने व्यवस्था गरेको छ । नगद कारोबारमा कोरोना संक्रमणको जोखिम देखिएपछि राष्ट्र बैंकले डिजिटल कारोबारमा जोड दिदै मोबाइल बैंकिङको सीमा वृद्धि गरेको हो ।




राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागका कामु कार्यकारी निर्देशक शुभाषचन्द्र घिमिरेले आइतबार एक सर्कुलर जारी गर्दै मोबाइल बैंकिङको कारोबार सिमा वृद्धि गरेका हुन् । आम ग्राहकलाई बैक तथा एटीएम बुथसम्म जान नपरोस् भनेर राष्ट्र बैंकले मोबाइल बैंकिङको कारोबारमा सीमामा वृद्धि गरेको सर्कुलरमा उल्लेख छ ।

अब मोबाइल बैंकिङ (क्युआर कोड) मा दैनिक एक लाख र मासिक १० लाखसम्म कारोबार गर्न पाइने भएको छ । मेबाइल बैंकिङ(क्युआर कोड)मा यस अघि प्रतिदिन ५० हजार र महिनामा २ लाख रुपैयाँसम्म मात्रै कारोबार गर्न पाइने व्यवस्था गरेको थियो । नगद कारोबारमा कोरोना संक्रमणको जोखिम देखिएपछि राष्ट्र बैंकले डिजिटल कारोबारमा जोड दिँदै मोबाइल बैंकिङको सिमा वृद्धि गरेको हो ।

अब वालेटबाट अन्य बैंक खातामा रकम पठाउँदा प्रति कारोबार २५ हजार रुपैयाँ पुर्याइउको छ भने प्रतिदिन एक लाख र मासिक ५ लाख रुपैयाँसम्म कारोबार गर्न पाइन्छ । यस अघि प्रति दिन २५ हजार र मासिक ५० रुपैयाँ रुपैयाँसम्ममात्रै कारोबार गर्न पाइन्थ्यो । यस्तै बैंकले नगद कारोबारका सट्टा विद्युतिय कारोबार गर्न समेत आग्रह गरेको छ । आईतबार अर्को सर्कुलर जारी गर्दै राष्ट्र बैंकले आरटीजीएस कारोबारमा समेत कुनै शुल्क नलाग्ने जानकारी दिएको छ । बैंकले कोरोना भाईरसको प्रकोप रोकथामका लागि विद्युतीय भुक्तानी प्रणालीमा जोड दिनका लागि उक्त निर्णय गरेको हो ।

## अन्तर्राष्ट्रिय उडान बन्द

# खाली विमान आउन पाउने

**काठमाडौं/मस-**कोभिड-१९को विश्वव्यापी सङ्क्रमणलाई ध्यानमा राखी सरकारले आईतबार मध्यरातीदेखि नौ दिनसम्म नेपाल भित्रिने सबै अन्तरराष्ट्रिय हवाई उडान बन्द गरेको छ । नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले सरकारको निर्णयबमोजिम सूचना निकालेर नेपालमा उडान भर्ने सबै अन्तरराष्ट्रिय वायुसेवा कम्पनीको उडान अवतरण चैत ९ को राति २३ः५९ बजेदेखि चैत १८ सम्म सोही समयावधिका लागि स्थगन गरिएको जनाएको छ । प्राधिकरणले यस निर्णयबाट नेपालबाट अन्तरराष्ट्रतर्फ जाने यात्रु, एयर एम्बुलेन्स, कार्गो उडान तथा अत्यावश्यक उडानमा असर नपर्ने स्पष्ट पारेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले



विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस त्यसविरुद्ध नेपाल सरकारले चालेका कदम र सचेतनाबारे यही चैत ७ गते साँझ राष्ट्रका नाममा गरेको सम्बोधनमा चैत ९ देखि १८ गतेसम्मका लागि अन्तरराष्ट्रिय उडान स्थगन हुने जनाएका थिए ।

आईतबार रातिदेखि कुनै पनि यात्रुवाहक जहाज नेपाल प्रवेश गर्न नपाउने प्राधिकरणका महानिर्देशक राजन पोखरेलले जानकारी दिए । उनका अनुसार विदेशबाट विनायात्रुको जहाज भने नेपाल आउन पाउनेछन् । यहाँबाट विदेश जाने यात्रुलाई ती वायु सेवा कम्पनीले लैजान सक्नेछन् । अन्तरराष्ट्रिय उडान स्थगन गरिए पनि आन्तरिक उडान भने यथावत् रहने महानिर्देशक पोखरेलको भनाइ छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट तीन नेपालीसहित ३० वायु सेवा प्रदायक कम्पनीले अन्तरराष्ट्रिय उडान भर्दै आएका छन् । आन्तरिकतर्फ १० हेलिकोप्टरसहित १९ वायु सेवा कम्पनीले उडान सेवा सञ्चालन गरिरहेका छन् ।

# पूर्वाधार विकासमा अन्यौलता

**काठमाडौं/मस-** सरकारले सडक, पुललगायतका संरचना निर्माणलाई निरन्तरता दिने कि रोक्ने भनी निर्णय गर्न सकेको छैन । विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ को असर सबै क्षेत्रमा पर्न थालेकाले सडक विभागले यस विषयमा आन्तरिक छलफल थालेको छ ।

सडक विभागमा आज बसेको बैठकमा सकेसम्म भीडभाड नहुने गरी पूर्वाधार निर्माण निरन्तरता दिन सकिने विषयमा छलफल भएको छ । अहिलेसम्म कुनै निर्णय नभएको विभागका महानिर्देशक केशवकुमार शर्माले बताए । रोगको प्रभाव अहिलेसम्म कतिपय क्षेत्रमा देखिन थाले पनि काठमाडौं उपत्यकालगायतका स्थानमा मर्मत भइरहेको छ । कतिपय जिल्लाका सडक आयोजनामा कार्यरत इञ्जिनीयरले निर्माण कम्पनीले कामदार घर फर्किएको भन्दै काम रोक्न चाहेको बताए । उनले भने, 'उनीहरुलाई घर नै नजाउ काम गर्नुपर्छ भन्न मिल्दैन ।'

अहिलेसम्म सडक निर्माण भइरहेको अवस्थामा २५ जनाभन्दा बढी भीड जम्मा नहुने गरी निर्माण गर्न सकिने सडक विभागले जनाएको छ । निर्माण कम्पनीले कामदार नै नभएको भनी रोकेको अवस्थाबाहेक अहिलेसम्म निर्माण ठप्प नगर्ने गरी विभागमा छलफल भइरहेको महानिर्देशक शर्माले बताऐ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा छलफल भएपछि निर्णय हुने उनले बताए । उनले भने, 'मन्त्रालयमा छलफल भएपछि नै सबै परियोजना काम गर्ने कि नगर्ने भनी निर्णय हुनेछ ।'

# आयात घट्दा २२ प्रतिशतले बढ्यो निर्यात

**काठमाडौं/मस-** आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालू आर्थिक वर्षको आठ महिनामा कूल आयात २ दशमलव ६२ प्रतिशतले घटेको छ । भन्सार विभागले सार्वजनिक गरेको पछिल्लो विवरणानुसार चालू आवको आठ महिनामा कूल रु नौ खर्ब २४ अर्ब २४ करोड २६ लाख ३५ हजार बराबरको आयात भएको छ । यो गत आवको तुलनामा करीब रु २५ अर्ब कम हो । आव २०७५/७६ को सोही अवधिमा कूल रु नौ खर्ब ४९ अर्ब १० करोड ९८ लाख २८ हजार बराबरको आयात भएको थियो ।




यस्तै सोही अवधिमा कूल रु ७४ अर्ब ९० करोड ७९ लाख ४६ हजार बराबरको निर्यात भएको छ । आव २०७५/७६ का तुलनामा चालू आवको आठ महिनामा निर्यात कूल २२ दशमलव ३५ प्रतिशतले बढेको छ । सो आवमा कूल रु ६१ अर्ब २२ करोड ४२ लाख ८९ हजार बराबरको निर्यात भएको थियो । विभागका अनुसार मुलुकको कूल व्यापार रु नौ खर्ब ९९ अर्ब १५ करोड पाँच लाख ८१ हजार बराबर भएको छ । गत आवमा भने रु १० खर्ब १० अर्ब ३३ करोड ४१ लाख १८ हजार बराबरको व्यापार भएको थियो । पछिल्ला दिनमा विश्वव्यापीरुपमा कोरोनाको सङ्क्रमण बढेपछि चीनबाट आयात हुने मालवस्तु रोकिएका छन् । भारतबाट भइरहेको आयात भने रोकिएको छैन । विभागका अनुसार सबैभन्दा बढी आयात तथा निर्यातसमेत वीरगञ्ज भन्सारबाटै भएको छ ।

चालू आवको आठ महिनामा सो भन्सारबाट कूल रु तीन खर्ब १५ अर्ब ४८ करोड १४ लाख १५ हजार बराबरको आयात भएको छ । प्रतिशतका आधारमा सो भन्सारको हिस्सा २३ दशमलब १३ रहेको छ । यस्तै सोही नाकाबाट कूल रु २३ अर्ब ७७ करोड ८० लाख पाँच हजार बराबरको निर्यात भएको छ । विराटनगर भन्सारबाट कूल रु ९९ अर्ब ४८ करोड २० लाख २५ हजार बराबरको आयात भएको छ । सोही भन्सारबाट कूल रु २० अर्ब ९९ करोड ४१ लाख ४४ हजार बराबरको निर्यात भएको छ ।

भैरहवा भन्सारबाट कूल रु एक खर्ब ५६ अर्ब ७७ करोड ५४ लाख ७३ हजार बराबरको आयात तथा रु दुई अर्ब २० करोड ९१ लाख १९ हजार बराबरको निर्यात भएको छ । वीरगञ्जस्थित सुख्खा बन्दरगाहबाट कूल रु एक खर्ब १७ अर्ब ६८ करोड १७ लाख ७७ हजार बराबरको आयात हुँदा रु एक अर्ब ७६ करोड बराबरको निर्यात भएको छ । उता त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भन्सारबाट कूल रु ९८ अर्ब ७४ करोड २९ लाख २४ हजार बराबरको आयात हुँदा रु १६ अर्ब ४५ करोड २२ लाख २४ हजार बराबरको निर्यात भएको छ । देशभर कूल २४ भन्सार कार्यालय सञ्चालनमा छन् । त्यसमध्ये १४ भन्सार कार्यालयबाट हुने निर्यात भने शून्यःप्राय छ ।

# कोभिड-१९ : तनहुँ जलविद्युत् आयोजना प्रभावित

**काठमाडौं, रासस** कोभिड-१९ को प्रभावका कारण चिनियाँ कामदार आउन नपाउँदा ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन आयोजना प्रभावित भएको छ । एक सय चालीस मेगावाट क्षमताको आयोजनाको चिनियाँ ठेकेदार कम्पनी सिनो हाइड्रो कर्पोरेशनका चिनियाँ कामदार नयाँ वर्ष मनाउन चीन गएकामा अधिकांश कामदार फर्किएर आउन नसकेको जलविद्युत् आयोजनाका साइट इन्चार्ज इञ्जिनीयर विदुर अधिकारीले जानकारी दिए । उक्त कम्पनीका ४० चिनियाँ प्राविधिकले केवल टनेलमा काम गर्दै आएकामा २० जना नयाँ वर्ष मनाउन गएपछि फिर्ता आउन पाएका छैनन् ।

फर्किएर आएकामध्ये दुई प्राविधिकलाई शरीरको तापक्रम परीक्षण गरी काममा खटाइएको छ । उनीहलाई सिनो हाइड्रोको आफ्नै आइसोलेशनमा नियमित स्वास्थ्य परीक्षण गरी काममा लगाइएको अधिकारीले जानकारी दिए । नेपाली प्राविधिक र मजदूरसहित आयोजनामा करीब दुई सय कार्यरत रहेकामा कसैलाई पनि कोरोनाको सङ्क्रमण नहोस् भनेर सावधानी अपनाइएको छ । कामदार नआउँदा काम नरोकिए पनि केही असर भने परेको इञ्जिनीयर अधिकारीले बताऐ । 'चीनबाट ल्याउनुपर्ने सामान अहिले ल्याउन सकिएको छैन,' उनले भने, 'जसका कारण आयोजनाको काममा असर परेको छ ।'

आयोजनाको दोस्रो चरणअन्तर्गतको कामको ठेक्का पाएको सिनो हाइड्रोले केवल टनेलको काम गरिरहेको छ । उक्त चरणका लागि सिनोले हाल केवल टनेल खन्ने काम गरिरहेको सिनो हाइड्रोका कमर्सियल म्यानेजर सुरेश चित्रकारले जानकारी दिए । 'पावर हाउसमा तारहरु लैजानका लागि १८७ मिटर सुरुङ खन्ने काम भइरहेको छ, दुई महीनाभित्र सुरुङ खनेर सकिनेछ,' उनले भने । उक्त सुरुङ खनेर सकिएपछि 'मेन एक्सेस टनेल' निर्माण शुरु गरिनेछ ।

आयोजनाको निर्माण कम्पनी तनहुँ जलविद्युत् आयोजनाले गत वैशाख १२ गते आह्वान गरेको दोस्रो पटकको बोलपत्रमा छनोट भएका चार कम्पनीको प्राविधिक प्रस्ताव रद्द भएपछि पुनः तेस्रो पटक बोलपत्र आह्वान गरेको छ ।

बाँधलगायत पहिलो चरणका संरचना निर्माणका लागि आयोजनाले बोलपत्र आह्वान गर्दा १९ कम्पनीले चासो देखाए पनि चार कम्पनीले बोलपत्र पेश गरेका थिए । चार कम्पनीले पेश गरेको प्राविधिक प्रस्तावलाई एशियाली विकास बैङ्क (एडिबी) ले सारभूतरुपमा प्रभावग्राही हुन नसकेको भन्दै रद्द गरिदिएको थियो । उक्त कामका लागि चीनको चाइना गेजुवा ग्रुप अफ कम्पनी लिमिटेड, सिनो हाइड्रो कर्पोरेशन लिमिटेड, चाइना नेशनल इलेक्ट्रिक इन्जिनियरिङ कर्पोरेशन लिमिटेड तथा सोङ डा कर्पोरेशन भियतनाम र कालिका कन्स्ट्रक्सन नेपाल जेभीले बोलपत्र पेश गरेका थिए ।

तेस्रो पटक आह्वान गरिएको बोलपत्रको म्याद वैशाख १ गते (१३ अप्रिल) सम्म रहेको आयोजनाले जनाएको छ । पहिलो चरणको कामका लागि असोजसम्म निर्माण कम्पनीसँग सम्झौता हुने र कात्तिकदेखि निर्माण कम्पनीलाई आयोजनास्थलमा खटाउने आयोजनाको तयारी छ ।

पहिलो चरणको संरचना निर्माणका लागि दातृ निकाय एशियाली विकास बैङ्क (एडिबी) र युरोपेली लगानी बैंक (इआइबी) को सहुलितपूर्ण ऋण परिचालन हुनेछ । निर्माण व्यवसायी कम्पनीले आयोजनाको एक सय चालीस मिटर अग्लो कङ्क्रिट बाँध, नदी फर्काउने दुई सुरुङ, अस्थायी बाँधलगायत संरचना निर्माण गर्नेछ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews | Janatapati | Janatapati

मध्यान्ह राष्ट्रिय दैनिकको
अनलाइन संस्करण : तीब्र गतिका साथ नयाँ साज-सज्जामा
www.madhyanhadaily.com

मध्यान्ह राष्ट्रिय दैनिकको
facebook Page
Madhyanha News

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ